होशियारीपूर्वक कारोबार गरौं, कानूनी कारबाईबाट बचौं
- रकम नभएको खाताको चेक जारी नगरौं,
- खातामा रकम भएको सुनिश्चित गरेर मात्र चेक जारी गरौं,
- खाली चेकमा हस्ताक्षर नगरौं,
- तमसुक वा धरौटीको रूपमा चेकलाई प्रयोग नगरौं,
- गैरकानूनी लेनदेन नगरौं ।
चेक जारी गर्दा होशियारी अपनाऔं, कानूनी कारबाईबाट बचौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 04 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७२

## पथलैया–हेटौंडा सडक आयोजनाको वातावरणीय अध्ययनबारे संवाद

प्रस, निजगढ, १७ कात्तिक/

पथलैया–हेटौंडा सडक आयोजनाको वातावरणीय अध्ययनको लागि शुक्रवार छलफल भएको छ । छलफलको क्रममा सडक निर्माण गर्दा वन्यजन्तुलगायत अन्य क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष सीताराम अर्याललगायत सरोकारवाला निकायहरूको सहभागिता थियो ।

पूर्व–पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत पथलैया–हेटौंडा सडकखण्डको अजिङ्गरलगायत घस्रेर हिंड्ने जस्ता जीवजन्तुहरूको संरक्षण हुनेगरी वन्यजन्तु तथा वातावरणीयमैत्री संरचना निर्माणका लागि वन्यजन्तु, वन संरक्षण र सडक आयोजनाबीच अहिलेको छलफल विशुद्ध


पथलैया–हेटौंडा सडक आयोजनाको वातावरणीय अध्ययनका लागि छलफल गर्दै । तस्वीर: प्रतीक




वन तथा भू-संरक्षण विभागका महानिर्देशक शिव वाग्ले

वन्य जीवजन्तुहरूको सुरक्षालाई ध्यानमा राखेर छलफल केन्द्रित भएको थियो ।

छलफलमा वन तथा वातावरण मन्त्रालयका सहसचिव डा रामचन्द्र कँडेल, वन तथा भूसंरक्षण विभागका महानिर्देशक शिव वाग्ले, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकाल, सडक विभाग आयोजना निर्देशनालय (एडिबी) का आयोजना निर्देशक चूँडाराज ढकाल, सडक विभाग आयोजना निर्देशनालयका इन्जिनीयर नारायण पन्थी, इन्जिनीयर सुरेश श्रेष्ठ, पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभारका प्रमुख रामचन्द्र खतिवडा, पर्सा राष्ट्रिय निकुञ्ज सुरक्षा गणका गणपति प्रमुख सेनानी गणेशराज पन्थ, पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती पथलैयादेखि अमलेखगंजसम्मको करीब १५ किलोमिटर दूरीमा गुड्ने सवारीसाधनको ठक्करबाट बर्सेनि वन्यजन्तुहरूको ज्यान जाने, घाइते हुने, त्यसैगरी सवारीसाधनहरू दुर्घटना हुने जस्ता घटनाहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले त्यहाँ निर्माण गरिने वन्यजन्तु तथा वातावरणीयमैत्री संरचना निर्माणका लागि वातावरणीय अध्ययनका क्रममा उक्त छलफल भएको हो ।

पर्सा राष्ट्रिय निकुञ्जमा रैथाने जङ्गली हात्तीको प्रमुख बासस्थान रहँदै आएको र पछिल्लो केही वर्षयता पाटेबाघको सङ्ख्या बढेका कारण झनै दुर्घटना बढ्दो छ । हात्ती, बाघ, चितुवा, हरिण, चित्तल मात्र नभई खरायो जस्ता साना प्रजातिका वन्यजन्तु र सर्प, प्राविधिक विषयमा भएको सहभागीहरूले जनाएका छन् । निर्माण लागत खर्चलाई ध्यानमा राख्दै दशकौंसम्म टिक्ने दूरदर्शी हिसाबले संरचना निर्माण गर्नुपर्ने, यसरी निर्माण गरिने संरचनाका कारण वन्यजन्तुहरूले अमलेखगंज र पथलैयाका बस्तीहरूमा कुनै असर नपर्ने गरी कार्य अघि बढाउनसमेत सुझाइएको थियो ।

यो प्राविधिक र प्रारम्भिक छलफल भएकोले आवश्यक छलफलका लागि स्थानीय सरोकारवाला निकाय, सङ्घसंस्थाहरूसँग पनि थप राय, सुझाव लिने सडक विभाग आयोजनाका सहभागी प्राविधिकले बताए ।

सो छलफल पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभार बारामा भएको थियो ।

## विन्ध्यवासिनी गाउँपालिकाको विवाद टुङ्गियो आइतवारदेखि कार्यालय खुल्ने

प्रस, पोखरिया, १७ कात्तिक/

विन्ध्यवासिनी गाउँपालिका



तस्वीर: प्रतीक

कार्यालयको कामकाज कात्तिक १९ गते आइतवारदेखि सुचारु हुने भएको छ ।

गापा अध्यक्ष प्रमोद तिवारीको अध्यक्षतामा शुक्रवार आन्दोलनरत कर्मचारी, शिक्षक महासङ्घका प्रतिनिधि, प्रधानाध्यापक, वडाध्यक्षहरू सम्मिलित बैठकमा अबदेखि घटित घटना नदोहोऱ्याउने विषयमा दोषी वडाध्यक्षहरूले प्रतिबद्धता जनाएपछि कात्तिक १९ गते आइतवारदेखि गाउँपालिका कार्यालय र वडा कार्यालयको काम सुचारु हुने प्रमुख प्रशासकीय अधिकृत राकेशकुमार ओझाले बताए ।

विन्ध्यवासिनी गाउँपालिका कार्यालय र वडा कार्यालय असोज ३० गतेदेखि ठप्प थियो ।

वडाध्यक्षद्वय अच्छेलाल महतो र जयप्रकाश चौरसियाले शिक्षा संयोजक कपिल लामिछाने र प्रअहरूमाथि एउटा कार्यक्रममा दुर्व्यवहार गरेको विषयलाई लिएर गापाका सम्पूर्ण कर्मचारी आन्दोलित थिए । उनीहरूले वडा र गाउँपालिकाको कामकाज ठप्प गरी आजसम्म आन्दोलन गरेका थिए ।

उनीहरूको आन्दोलनमा गापामा रहेका १६ वटा सामुदायिक विद्यालयका प्रअहरूले ऐक्यबद्धता जनाएपछि दशैंपछि गापाध्यक्षको आग्रहमा कात्तिक १२ गतेदेखि विद्यालय सुचारु भएको थियो ।

## जसपा पर्साका दुई समूहको कार्यक्रम दुई स्थानमा

प्रस, पर्सागढी, १७ कात्तिक/

जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक एवं सांसद प्रदीप यादवले आफ्नो पार्टीमा कसैलाई पनि काखा र पाखा नगरिने दाबी गरेका छन् ।



तस्वीर: प्रतीक

जसपा पर्सागढी नपा–८ द्वारा शुक्रवार आयोजित कार्यक्रममा उनले कार्यक्रम आयोजना भएको वडामा गरीब, दलितहरूको बसोबास बढी भएको र आफूले प्रदेशका मुख्यमन्त्रीलाई बोलाएर सबै गरीब, दलितहरूका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासीय व्यवस्था मिलाउने आश्वासन दिए ।



वीरगंज महानगरका प्रमुख एवं जसपाका केन्द्रीय सदस्य राजेशमान सिंहले पार्टी प्रवेश गरेकाहरूलाई स्वागत गरेका थिए । उनले पर्सागढीका बासिन्दालाई महानगरमा पर्ने जुनसुकै समस्याको समाधान गरिने आश्वासन दिए । जसपा पर्साका अध्यक्ष एवं बहुदरमाई नपाका प्रमुख सिंगासन साहले यसअघिको जिल्ला नेतृत्व कमजोर रहेको आरोप लगाए । कमजोर नेतृत्व भएको कारण गत संसदीय र प्रदेशसभाको चुनावमा लज्जास्पद हार भएको उनले बताए । त्यसअघि हालका प्रमुख सचेतक एवं सांसद प्रदीप यादव अध्यक्ष रहँदा जिल्लाका चारवटै संसदीय क्षेत्र र प्रदेशसभामा सबैभन्दा बढी सिट जितेकोमा अहिले एउटा सांसद र दुईवटा प्रदेशसभा सदस्यमा सीमित हुनुपरेको बताए ।

जसपा पर्सागढी नपाका संयोजक शेख खुर्सेदको अध्यक्षतामा भएको कार्यक्रममा सुरज मानन्धर, जसपाका पूर्ववडाध्यक्ष असलम आलम, रामबढाई यादवलगायतको सहभागिता थियो ।

यसैगरी, जसपा पर्सामा रामनरेश यादव अध्यक्ष रहेको समूहले कालिकामाई गाउँपालिका–२ भेडियारीमा कार्यक्रम गरेको थियो । वडा एकाइ समितिका तैयब खाँ पठानको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रदेशका ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्री सिंहासन सा कलवारले गरेका थिए । उनले जसपा जनताको पार्टी भएको र यही पार्टीले मात्र मधेसीको समस्या समाधान गर्ने दाबी गरे । उनले आफू विकासको काममा निरन्तर लागिपरेको पनि बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य फिरोज मन्सुर, जिल्ला सचिव तबरेज अहमद, सदस्य इन्द्रासन कलवार, श्यामबाबू चौरसिया, कालिकामाई पालिका समिति अध्यक्ष दिनेश कलवार, जिल्ला सदस्य ताजिन्द्र कलवार, कालिकामाई गाउँपालिका अध्यक्ष वशिष्ट गुप्ता, वडाध्यक्ष लालबाबू राउत, सञ्जय पटेल, जयनारायण पटेल, गापा सल्लाहकार अरमान खान, असलम आलमलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको

(बाँकी तेस्रो पातामा)

## सूर्य नेपालले तीन हजार बिरुवा हस्तान्तरण गऱ्यो

प्रस, वीरगंज, १७ कात्तिक/

सूर्य नेपाल प्रालि, सिमराले जीतपुरसिमरा उपमहानगरपालिका–३ वडा कार्यालयलाई तीन हजार फलफूलको बिरुवा हस्तान्तरण गरेको छ ।

शुक्रवार कार्यक्रमको आयोजना गरी सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले वडाध्यक्ष ताराबहादुर कार्कीलाई साढे नौ लाख मूल्य बराबरको तीन हजार फलफूलका बिरुवा हस्तान्तरण गरेका थिए । उनले जीतपुरसिमरा उपमहानगरपालिकालाई हरित बनाउने अभियानमा वडा कार्यालयलाई फलफूलको बिरुवा हस्तान्तरण गरिएको बताए । उनले फलफूलको बिरुवाबाट अनेक फाइदा हुने बताउँदै यसबाट कार्बन न्यूनीकरण हुने बताए ।


तस्वीर: प्रतीक

वडाध्यक्ष कार्कीले सूर्य नेपालको सहयोगप्रति आभार व्यक्त गर्दै बिरुवा हुर्काउने कार्यमा उत्कृष्ट हुने वडालाई पुरस्कृत गर्ने घोषणा गरे । उनले वडासदस्यहरूलाई बिरुवा हेरचाह भए नभएको बारे अनुगमन गर्न अनुरोध गरे ।

सूर्य नेपालले लिची, आम्रपाली, महाराणा, आम, कटहरका बिरुवा हस्तान्तरण गरेको सूर्य नेपालका यज्ञबहादुर आलेले बताए ।

## वनक्षेत्रमा पोखरी खन्दै, सरोकारावालाहरू मौन

प्रस, वीरगंज, १७ कात्तिक/

पर्सागढी नगरपालिका–३ झबराहामा वनक्षेत्र अतिक्रमण गरेर पोखरी खनिएको छ ।

स्थानीय दिनेश यादवले वनक्षेत्रको जग्गा अतिक्रमण गरेर नगरपालिकाको इजाजतविना पोखरी खन्ने कार्य शुरू गरेको स्थानीयले बताएका छन् ।

यादवले ऐक्साभेटर लगाएर पोखरी खन्ने कार्य गरेपछि स्थानीय बडनिहार प्रहरी चौकीले तीन दिन कार्य रोकेको थियो ।

नगरपालिकाबाट वातावरण परीक्षण रिपोर्ट लिएर पोखरी खन्नुपर्नेमा यादवले वनको जग्गा रहेको कारण सो प्रक्रिया पनि पूरा नगरी पोखरी खन्दै आएको नगरपालिकाले जनाएको छ ।

वनक्षेत्रको करीब डेढ बिघा जग्गा अतिक्रमण गरिएको र यसबारेमा डिभिजन वन कार्यालय, पर्साले पनि चासो देखाएको छैन ।

### विचारसार र सूक्तिहरू

**असल साथीको यति मात्र पहिचान हो कि ती चर्चा गर्दैनन्, हमेशा फिक्री गर्छन् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# हाम्रो स्वास्थ्य प्रणाली

**हाम्रो मुलुक नेपालको स्वास्थ्य प्रणालीको गुणस्तर, पहुँच र उत्थानशीलता सुदृढीकरण गर्न विश्व बैंकले अन्तर्राष्ट्रिय विकास संस्था (आइडिए)बाट १० करोड अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ। त्यसैगरी, स्वास्थ्य आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कोष (एचइपिआरटिएफ)बाट ३८ लाख ४० हजार अमेरिकी डलर बराबरको अनुदान सहयोग उपलब्ध गराउने भएको छ। यसबाट के बुझिन्छ भने नेपाल सरकारले नागरिक स्वास्थ्यका लागि धेरै गर्न चाहेको छ तर बेचारासँग पूँजी छैन भन्ने भान अन्तर्राष्ट्रियजगत्लाई वा विश्व बैंकलाई परेको छ। कुनै पनि कार्य सिद्धिका लागि इच्छाशक्ति भएको नेतृत्वकर्ता र पूँजी नभई नहुने कुरा हो। मुलुकको स्वास्थ्य प्रणाली गतिलाग्दो नहुनुको मुख्य कारण पूँजी अभाव होइन, यहाँका राजनीतिक नेतृत्व तहमा दूरदृष्टि, जोश, जाँगर वा केही गरौं भन्ने इच्छाशक्तिको चाहिं अभाव हो ।**

**चार वर्ष पहिलेको कोरोना महामारीदेखि अहिले डेङ्गुको प्रकोपसम्म आइपुग्दा नेपालको स्वास्थ्य प्रणाली कतिसम्म कमजोर रहेछ भन्ने कुरा स्पष्ट भइसकेको छ। त्यस्तै, आम जनता आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुनु नपरोस् भनेर शुरू गरिएको स्वास्थ्य बीमा कार्यक्रममाथि पनि अनगिन्ती प्रश्नहरू उठिरहेका छन्। स्वास्थ्य प्रणालीलाई सुधार गर्ने हो भने अब नेतृत्वको शैलीमा सुधार जरुरी छ। नेतृत्व तहमा आउनेले पूर्वाधार र जनशक्तिलाई केन्द्रमा राखेर काम गर्न सक्नुपर्छ। कोरोनाको समयमा देशले जे भोग्यो अब फेरि त्यही दिन नआउला भन्न सकिन्न। त्यसैले सरुवा रोग नियन्त्रणको लागि एउटा छुट्टै एजेन्सी बनाउनुपर्छ। कोरोनालगायतका विगतबाट पाठ सिकेर वर्तमान स्वास्थ्य प्रणाली सुधार गर्न सक्ने क्षमतावान् नेतृत्व आउनुपर्छ। विभिन्न समय तथा कालखण्डमा स्वास्थ्य क्षेत्रमा आएका उतारचढावलाई मूल्याङ्कन गरेर स्वास्थ्य प्रणालीलाई मजबूत बनाउने दूरदृष्टि भएको नेतृत्व हुनुपर्छ। स्वास्थ्य प्रणालीमा सुधार गर्नुपर्ने कुराहरू बुँदागतरूपमा सार्वजनिकीकरण गर्ने र नागरिकबाट अनुमोदन गर्ने परिपाटीको थालनी हुनुपर्छ। हाम्रो देशमा आधारभूत स्वास्थ्य सेवा निश्शुल्क र त्यसभन्दा माथिका लागि स्वास्थ्य बीमा छ। तर बीमाको नाम मात्रै छ, पैसा थोरै छ। सेवामा स्वास्थ्य बीमाका बीमितको सहज पहुँच र गुणस्तरीय सेवा हुनुपर्ने तर त्यसो छैन। कतिपय स्थानमा स्वास्थ्य सेवा नै उपलब्ध छैन। नेपालभरि नै आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य बीमाको सुविधा पुग्नु जरुरी छ।**

**सरुवा रोगहरूको लागि छुट्टै एजेन्सीहरू हाम्रो मुलुकमा छैनन्, जतिसक्दो छिटो यसको व्यवस्थापन गरिनुपर्छ। हाम्रो मुलुकको जियोपोलिटिकल अवस्था एकदमै नराम्रो छ। यहाँ कुनै नयाँ रोग निस्कियो भने भारत र चीन दुवै छिमेकीले नाकाबन्दी गरिदिन्छन्। नाकाबन्दीभित्रको जनजीवन कति कष्टकर हुन्छ भन्ने कुरा यसअघि कोरोनाकालमा हामी अधिकांशले थाहा पाइसकेका छौं। त्यस कारण हामीले सरुवा रोगको नियन्त्रणको मामिलामा बढी गम्भीर हुनुपर्थ्यो। तर सरकार गम्भीर छैन। पछिल्लो चार वर्षको स्थिति हेर्दा कतैबाट पनि गम्भीरता देखिएको छैन। त्यस कारण अब नेतृत्व तहमा आउनेहरूबाट सरुवा रोगहरूको लागि छुट्टै एजेन्सी बनाएर रोग नियन्त्रणको कामहरू शुरू गर्छौं भन्ने खाले प्रतिबद्धता चाहिन्छ। अर्को पाटो भने स्वास्थ्य सामग्री एवं औषधिमा परनिर्भरता छोडेर आत्मनिर्भरतातर्फ जाने योजना तथा कार्यक्रम हुनुपर्छ। अब आउने नेतृत्वले जलवायु परिवर्तनबाट हुने स्वास्थ्य असर [redacted] स्वास्थ्य प्रणालीमा सुधार देखिन [redacted]**

# आम्दानीको माध्यम बन्यो सयपत्री फूल

लहरै रोपिएका सयपत्री फूलका बिरुवा। तीमध्ये कुनै हाँगामा फूलका कोपिला झपक्क छन्, कुनै हलल बढेर ढल्न आँटेका। यही बिरुवाको स्याहारमा जुटेका छन्, किसान रामप्रवोध पण्डित। धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–४ हरैयाका उनले व्यावसायिक सयपत्री फूलखेती शुरू गरेको लामो समय भएको छैन। उनको फूलबारीमा पुग्दा जोसुकैको मन आनन्दित हुन्छ। तिहार लक्षित गरेर रोपिएका सयपत्रीले सबैको ध्यान तान्ने गरेको छ।


तस्वीरः फाइल

उनले चार वर्षअघि कोरोनाका कारण लकडाउन शुरू हुँदा कामविहीन भएपछि क्षीरेश्वरनाथ नगरपालिकामा श्री सुबधीमाई फूल भण्डार तथा उत्पादन शाखा सञ्चालन गरेर व्यावसायिक फूलखेती सुरुआत गरे। क्षीरेश्वरनाथ–४ हरैयामा १० कट्ठा जमीन भाडामा लिएर उनले व्यावसायिक फूलखेती शुरू गरेका हुन्। शुरूमा फूलखेतीसम्बन्धी अनुभव नहुँदा र लगातार दुई वर्षको लकडाउनमा खासै आम्दानी गर्न नसके पनि घाटा पनि नभएको उनले बताए।

उनले गत वर्ष तिहारका समयमा फूल मात्रै रु १० लाखको बिक्री गरेको र यसबाट खर्च, मेहनत, ज्याला मजदूरी सबै कटाएर करीब रु छ लाखजति बचत भएको जानकारी दिए। यसपटक एकै याममा रु १५ देखि २० लाख आम्दानी गर्ने लक्ष्य रहेको उनको भनाइ छ। गत वर्ष कममा पाँच जातको सयपत्री फूलखेती गरेकामा यसपालि मेग्रा, चिनाचेरी, कर्मा त्रिपल फाइभ ओरेन्ज, सेतो हजारी, कलकत्ते ओरेन्जलगायत जातका सयपत्रीका बिरुवा रोपिएका छन्।

युवाहरू वैदेशिक रोजगारका लागि बाहिर जानु नपर्ने र स्वदेशमैं कृषिबाट मनग्य आम्दानी गर्न सकिने रामप्रवोधकी पत्नी फूलो देवीको भनाइ छ। फूल उत्पादनका लागि यहाँको माटो उपयुक्त रहेको उनको भनाइ छ। यहाँ उत्पादित फूल विदेश निर्यात गरेर पनि आम्दानी गर्न सक्ने सम्भावना छ।

अहिले आफू पत्नी र दुई बुहारीसहित यही फूलखेतीमा लागिरहेको जनाउँदै फूलो देवीले भनिन्, “जग्गा बाँझो छाडेर विदेश जानुभन्दा स्वदेशमैं बसेर यस्तै फूलखेती गर्न सके आयआर्जनको बलियो आधार हुने अवस्था छ।” रामप्रवोधले यसपालि फूलखेतीको क्षेत्र विस्तार गरेर एक बिघा पुर्‍याएको हुँदा उपभोक्ताले केही सस्तो मूल्यमा फूल किन्न पाउने धारणा व्यक्त गरिन्।

फूलमा क्षीरेश्वरनाथ नगरपालिका र आपपासका गाउँनगरलाई आत्मनिर्भर गराउने उद्देश्यले फूलखेतीको क्षेत्र विस्तार योजना रहेको रामप्रवोधले बताए। “फूलखेतीबाट हुने आम्दानी राम्रो छ, सिजनमा लाखौं रुपैयाँको फूल बिक्री भइरहेको छ,” उनले भने। फूलखेतीबाट आम्दानी राम्रो हुन थालेपछि काम खोज्दै विदेश पनि जान नपरेको उनको भनाइ छ।

रामप्रवोधले स्थानीय एभरेस्ट पेपर मिल्सको जागीर छाडेर फूलखेतीमा लागेका हुन्। मासिक रु २५ हजारको जागीर छाडेर पुष्प व्यवसायमा लागेका उनी फूलखेतीबाटै मासिक रु एक लाख बढी कमाउने बताउँछन्। पण्डित परिवारलाई घाम उदाएदेखि अस्ताएसम्म फूलबारीमा काम गर्न भ्याइनभ्याइ हुन्छ। फूलो देवी भन्छिन्, “फूलको हेरचाहमैं दिन बित्छ, बिहान उठेदेखि नै फूलमा पानी हाल्यो, गोडमेल गर्‍यो समय बितेको पत्तै हुँदैन।”

**फूलले बजार पाउँदा हर्षित**

आफ्नो खेतमा उत्पादन भएको फूलले बजार पाउँदा उनीहरू निकै खुशी छन्। फूल राम्रो देखेर जिल्लामा आयोजना हुने जुनसुकै कार्यक्रममा पनि फूलका लागि निरन्तर फोन आउँदा उनीहरूलाई हौसला बढाएको छ। “यसरी आएको फोन र फूलले बजार पाउँदा पुष्प व्यवसायमा लाग्न अझ उत्साहित बनाएको छ, सार्वजनिक कार्यक्रममा खादाभन्दा मालाको माग बढ्दो छ,” रामप्रवोधले भने, “उत्पादनले बजार नपाउने चिन्ता छैन, माग अनुसार पुर्‍याउनै सकेको छैन।”

सपरिवारलाई यतिबेला फूल टिप्न र बेचन भ्याइनभ्याइ छ। व्यावसायिकरूपमा सयपत्री फूलखेती गरेका उनलाई तिहारमा फूल टिप्ने र बेच्ने चटारो भएको हो। सयपत्री फूलको माग अत्यधिक भएकाले फूलले यहाँको माग पुर्‍याउन सकिएको छैन। कृत्रिम फूल प्रयोगकर्ता घटेपछि प्राकृतिक फूलमा आकर्षण बढ्दा जिल्लामा सयपत्री फूलको माग बढी भएको क्षीरेश्वरनाथ नगरपालिकाका कृषि अधिकृत गङ्गा यादवले बताए।

प्रतिमाला रु २५ देखि ३० मा बिक्री हुने गरेकामा तिहारको अवधिभर २५ हजार माला बिक्री हुने रामप्रवोध दम्पतीको विश्वास छ। जसबाट रु सात लाखभन्दा माथि आम्दानी हुने बताए। रामप्रवोध भन्छन्, “फूलसँग रमाउने मेरो रुचि हो। सानैदेखि फूलप्रति मेरो मोह छ। मेरो घरवरपर बिरुवाले भरिभराउ हुन्थ्यो, तर यो नै मेरो पेशा बन्नेछ भन्ने सोचेको थिइनँ।”

**फूलको माग पुर्‍याउन धौधौ**

पुष्पखेतीबाट पर्याप्त आम्दानी हुँदैन, बजार छैन भन्नेका लागि रामप्रवोध पण्डित एक उदाहरण बनेका छन्। “फूलखेतीबाट आफ्नो परिवार चलाउन मलाई दुःख छैन, १० हजार माला मात्र बेचे मुनाफा रु दुई लाख हुन्छ। एक बिघामा फूल रोप्दा पनि जिल्लाभन्दा बाहिर माग पुर्‍याउन सकेको छैन, बजार छैन भन्न मिल्दैन,” उनले भने।

बजारमा मालाको अभाव देखिनु कृषकले व्यावसायिकरूपमा पुष्पखेती नगर्नुको उपज भएको रामप्रवोधको भनाइ छ। फूल खरीदमा करोडौं रकम भारत जानु र यहाँ बजार नदेख्नु हास्यास्पद कुराबाहेक केही नभएको उनको भनाइ छ। “कहिलेकाहीं काम धेरै भएका बेला ज्यालामा पनि खेतला लगाउने गरेको छु, एक्लै भएपनि काम गर्न आनन्द लाग्छ, ढकमक्क फुलेका फूलको सुगन्धले एक्लोपनको आभास नै गराउँदैन,” उनले भने।

रामप्रवोधले विवाह, पूजा, विभिन्न सङ्घसंस्थाको औपचारिक तथा अनौपचारिक कार्यक्रममा उत्पादन गरेको सयपत्री फूलको माला खपत हुने गरेको बताए। कम लगानीमा छिटो र उत्पादन राम्रो हुनका साथै आम्दानी मनग्य भएपछि रामप्रवोध आकर्षित भएका हुन्। “विभिन्न कार्यक्रम र उत्सवमा फूलको माला प्रयोग बढ्न थालेपछि व्यावसायिकरूपमा गर्दा आम्दानी हुन्छ भन्ने लागेपछि यसतर्फ लागेका हौं,” रामप्रवोधले भने, “फूल आयातको सट्टामा निर्यात हुन्छ, जिल्लामैं फूलको खपत पनि हुने भएपछि यसमा लागेका हौं, तिहारमा यो फूल अझ बढी खपत हुन्छ, यसले हामीलाई उत्साह थपेको छ।”

सुरुआत गर्दा आफ्नै चार/पाँच कट्ठा जमीनमा रु तीन प्रतिगोटाको दरले फूलको बिरुवा किनेर करीब पन्ध्र सय बिरुवा रोपेर सुरुआत गरेको फूलखेती अहिले एक बिघामा विस्तार गरेको रामप्रवोधको गुनासो राज्यसँग छ। उनले आफूजस्ता किसानलाई राज्यले कुनै किसिमको सहयोग नगरेको गुनासो गरे। प्राविधिक सहयोगका साथै केही अनुदानको बन्दोबस्त राज्यस्तरबाट भए अरू किसान पनि व्यावसायिक फूलखेतीतर्फ आकर्षित हुने धारणा उनी राख्छन्।

# धान रोप्नेदेखि काट्नसम्म तराई र भारतका श्रमिकको भर

भरतपुर, १७ कात्तिक/रासस

यतिबेला चितवन जिल्लाका किसानलाई धान काट्ने र भित्र्याउने चटारो छ। जिल्लाका पश्चिम, पूर्वी र माडी क्षेत्रका किसान धान काट्न र भित्र्याउन व्यस्त छन्। धान स्याहार्ने जिल्लामा श्रमिक पाइन छाडेपछि यहाँका किसानलाई धान रोप्नेदेखि काट्नेसम्म मधेस प्रदेश र तराईका श्रमिकको भर पर्नुपरेको छ। यहाँ धान रोप्ने र काट्ने याममा मधेस प्रदेश र भारतका श्रमिक आउने गरेका छन्। उनीहरू सामूहिकरूपमा आएर यहाँ धान काट्ने, झार्ने र घरको भकारीसम्म पुर्‍याइदिने काम गर्छन्।

जिल्लामा काम गर्ने युवा विदेश पलायन र स्थानीय कामदार महँगा भएका कारण बाहिरी जिल्लाबाट कामदार ल्याउनुपरेको सम्बद्ध किसान बताउँछन्। पश्चिम चितवनको चनौलीका किसान रामकृष्ण अधिकारी प्रत्येक वर्ष तराईबाट आउने श्रमिकलाई काम लगाउने गरेको बताउँछन्। उनी भन्छन्, “यहाँ भएका कामदारले काम गर्दैनन्, उनीहरूलाई ठेक्कामा दिएपछि हाइसन्चो हुन्छ।” अधिकारी यस वर्ष पनि आफूले धान रोप्नेदेखि काट्नेसम्म सबै जिम्मा तराईका श्रमिकलाई दिएको बताउँछन्। “गाउँमा अधिकांश ४०/५० कटेका मानिस मात्र छन्,” उनी भन्छन्, “काम गर्ने युवा कोही अस्ट्रेलिया, अमेरिका त कोही खाडी मुलुकमा गए, गाउँमा काम गर्ने मानिस भएन।”

रौतहटका उपेन्द्र पटेल प्रत्येक वर्ष यो याममा धान काट्न चितवन आउँछन्। उनी यसरी नियमित आउन थालेको १० वर्ष भयो। धान काट्न मात्र होइन, धान रोप्न र गोड्नसमेत पटेल चितवन आउने गरेका छन्। “यो वर्ष मात्रै तीनपटक चितवन आएँ,” उनी भन्छन्, “काम सहजै पाइन्छ पैसा पनि राम्रै छ।” रौतहटमा रहँदा उखु छिन्ने र आफ्नो घरायसी काम गर्दै आएको उनी बताउँछन्। यसपटक आठजनाको टोली लिएर आएको भन्दै पटेल ठेक्कामा काम लिने र आएको पैसा बराबर बाँडफाँट गर्ने गरेको जानकारी दिन्छन्।

रौतहटका दिनेश पटेलले पनि भाडामा जग्गा लिएर भरतपुर महानगरपालिका–६ स्थित गीतानगरमा पाँच बिघा क्षेत्रफलमा धानखेती गरेका छन्। धान भित्र्याउन यहाँका कामदार खोज्दा नपाएपछि रौतहत र बारा जिल्लाबाट कामदार ल्याएर उनले धान भित्र्याएका हुन्। “चितवनमा कामदार नै नपाउने। पाइए पनि दिनको एक हजार रुपैयाँ लिन्छन्,” दिनेश भन्छन्, “महँगा कामदार हालेर खेती गर्नुभन्दा मधेसबाट नै कामदार ल्याएर काम गराइराखेका छौं।” चितवनका कामदार लगाएर खेती गर्दा लागत पनि नउठ्ने उनी बताउँछन्। चितवनमा मधेसबाट काम खोज्न आउने कामदारको सङ्ख्या बढी छ।

रौतहटका हरिश यादव प्रत्येक वर्ष यो याममा धान काट्न चितवन आउँछन्। उनी नियमित आउन थालेको चार वर्ष भयो। धान काट्न मात्र होइन, धान रोप्न र गोड्नसमेत उनी चितवन आउने गरेका छन्। “घरमा आमाबुबा, छोराछोरी र पत्नी छन्। आफ्नो पनि पेट पाल्न पर्‍यो,” उनी भन्छन्, “छठ पर्वको खर्च जुटाउनका लागि प्रत्येक वर्ष चितवन आउँछौं।” बारा, पर्सा, रौतहटबाट कामदार छठ पर्वका लागि पैसा जोहो गर्न चितवनमा काम गर्न आउने गर्छन्। हेटौंडा, नवलपरासी, काठमाडौंसम्म ज्याला मजदूरीको काम गर्न जाने गरेको यादव बताउँछन्। धान रोप्ने, काट्ने बेला अन्यन्त्रभन्दा चितवनमा सहजरूपमा काम पाइने गरेको उनको अनुभव छ।

बाराबाट १५ जनाको टोलीसहित आएका झापट चौधरीले चितवनमा धान काट्न थालेको एक दशक बढी भयो। परिवार पाल्नका लागि खेतमा आली लगाउनेदेखि काट्नसम्म आउने गरेको उनको भनाइ छ। “यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीं त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ,” मङ्गलपुरमा धान काट्दै गरेका चौधरी भन्छन्, “चितवन जिल्लाका मङ्गलपुर, गीतानगर, पदमपुर, रत्ननगर, खैरहनी, राप्ती सबै क्षेत्रमा धान काट्ने गर्छौं।”

यस्तै, रौतहटका कृष्ण पाण्डे पनि आठ वर्षदेखि नियमितरूपमा चितवनमा धान काट्न आइरहेका छन्। उनी भन्छन्, “यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीं त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ।” धेरै काम हुँदा कहिलेकाहीं रातभर काम गरेर समेत सक्ने गरेको अनुभव उनी सुनाउँछन्। पाण्डेले एक महीनाको अवधिमा खाने–बस्ने खर्चबाहेक रु २५ देखि ३० हजार जम्मा गरेर घर लैजाने गरेको बताउँछन्।

चितवनको अधिकांश जनशक्ति विदेश छ। एक दशकअघिसम्म अर्मपर्व चल्दथ्यो। अहिले हराउँदै गएका कारण बाहिरी जिल्लाबाट कामदार ल्याएर काम गराउनुपरेको भरतपुर–१५ शरणपुरका शिव उप्रेती बताउँछन्। “यहाँ भएकाले काम गर्दैनन्। धान लगाएर फाइदा पनि छैन,” उनी भन्छन्, “बाँझो किन राख्ने भनेर खेती गरेका हौं।” गाउँमा अधिकांश ४० कटेका मानिसहरू मात्र रहेको उप्रेतीको भनाइ छ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकृत

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

# वाटिका

वर्ष ३७ | २०८० कात्तिक १८ गते शनिवार | 2023 November 04 Saturday 

# हरफरौडी

कथा



सञ्जय मित्र
mitrasanjay41@gmail.com

आफ्नै भविष्य सपार्न टन्टलापुर घाममा हलो जोतिरहेको धरखनलाई अहिले के हुन गइरहेको छ, थाहै भएन, नत्र ऊ सतर्क भइहाल्थ्यो ।

लू चलिरहेको छ । तिर्खाले घाँटी सुकिसक्यो । अब एक कट्ठा जति मात्र जोत्न बाँकी छ । असारको आधाआधी बितिसकेको भए पनि बीउ खसाल्न पाएको छैन । धरखनले मात्रै होइन, गाउँका कुनै पनि किसानले बीउ छरेका छैनन् । हिजो राति गाउँमा भ्यागुतोको बिहे गराइएको छ । यसपटक चिन्ने र जान्नेहरूले नै भाले भ्यागुतो र पोथी भ्यागुती चिनेर उमेर तथा रङ मिलाई जोडी बनाएर धुमधामसित बिहे गराएका हुन् । बाजा बजाएर तरहारीसम्म बिदाई पनि गरेका छन् । गाउँका सबै ठूलाबडा, गण्यमान्य, पञ्चभलाद्मी र जान्नेहरूको एकमत भएपछि अहिलेसम्म गाउँको सबै सङ्कट टर्दै आएको छ । अब त पानी कसो नपर्ला ?

यही ध्याउन्नमा धरखन एकोहोरिएर 'आ□ हट, दू फेरा आउर' भन्दै हातमा लिएको लट्ठी हिर्काउन भनी उठाउँथ्यो तर गोरुलाई हिर्काउँदैनथ्यो ।

एक हुल आइमाईहरूले आफ्नो खेतको चारैतिरबाट आफूलाई घेरिसक्दा पनि उसले चाल पाएको थिएन । खेत जोतिरहँदा मोडमा पुगेपछि उसले अगाडि पतरकी भौजीलाई नजीकै आइसकेको देख्यो । अचम्भित हुँदै टाउको उठाएर हेर्दा धनेसरी भौजी, औकठवाली, दोकनदारनी, गााओवाली, मधुआमतारी सबैबाट पूरै घेरिसकेको पाउँछ । आज दशा लाग्ने भयो भन्ने कुराले उसको अभ्यन्तर काँप्यो । उसले बुझ्यो – आज आइमाईहरूले मलाई न्वारानको सम्झना गराउँछन् । मनमनै नजीकै रहेको डिहकी देवीलाई गुहार्‍यो – 'हे डिहबारिन माई ! आजु हमर इज्जत बचाद' !

धरखनले जोतिरहेको हलो अगाडि पतरकी भौजी उभिइन् । गोरुहरू त्यत्तिकै उभिए । धरखनलाई भनी पतरकी भौजीले–"हो धरखनवा ! तपाईं आफ्नो धोती फुकाल्नुहोस् । तपाईंलाई हामी दशा पुऱ्याउँदैनौं हैन भने छठी रातको दूध बकोरवाउँछौं ।"

पतरकी भौजी सबै आइमाईको मेठ बनेर उभिएर कडा उर्दी जारी गरेपछि धरखनको कटुमा पिसाब मात्रै भएन । डरले गोडा काम्न थाले । केही सोच्न नभ्याउँदै दोकनदारनीले हातको लठी खोसिहाली र सोझै भनी–तिम्रो पिछवाडामा यही बैलको गोबर लगाइदिन्छौं ।

धरखन दुइटै हाथ जोडेर अनुनयको स्वरमा बोल्यो–"मलाई कुनै दशा नगर्नुहोस्, तपाईंहरूले भनेको सबै म मान्छु । सबै शर्त म पूरा गर्छु । मलाई केही नगर्नुस् ।"

उसको कुरो पूरा हुन नपाउँदै गाँओवाली प्याच्च बोली–"तपाई एक फेरा पूरै नाङ्गो भएर आफ्नो खेतको परिक्रमा गर्नुहुन्छ ? हामी केही गर्दैनौं । तपाईंसित बर्हम बाबाको पूजाको लागि पैसा पनि लिंदैनौं ।" ऊ पनि भाउजूको नातामा पर्ने । भाउजूलाई देवरसित र देवरलाई भाउजूसित जिस्कन पाउने छुट हुन्छ । गाँओवालीले जिस्केरै भनेकी भएपनि धरखन आफ्नो धोती समात्दै धनेसरी भौजीतिर दयाको नजर दौडायो । "भौजी हो, म दुई सय रुपियाँ पूजाको लागि दिने भएँ । एक पौवा लड्डु पनि बर्हम बाबालाई चढाउँछु ।"

त्यस्तो टन्टलापुर घाममा हलो जोत्दै गरेका मानिस खोज्न हिंडेका महिलाहरूको समूहले आफ्नो बोहनी बिगार्न चाहेन । एउटीले धरखनको मुरेठा उतारेर आफ्नो पसिना पुछ्न थाली । अर्कीले गोरूलाई हलोबाट फुकाइदिई । पतरकी भौजीले लठी हातमा लिइन् र धरखनलाई पाँजरमा घोच्न थालिन् । धरखनलाई काउकुती निकै लाग्थ्यो । ऊ छटपटिन थाल्यो । धरखनलाई काउकुती लागेको देखेर तीन चारजनाले उसलाई काउकुति लगाउन थाले । काउकुती लाग्दा अलिकति हाँसो उठ्छ । अरूहरूले उसलाई हाँसेको देखेर झन् हँसाउन खोजे । ऊ हाँस्दाहाँस्दा भुइँमैं लड्यो । यही बेला मधुआमतारीले उसको धोती तानिदिई र भनी–"हे पतरकी, किन धरखन बौआको धोती खोलेकी ?" धरखनले यो कुरो बुझिसकेको थियो ।

पतरकी भौजीले धरखनलाई माया गरेजस्तो अँगालोमा च्याप्प समातिन् र भुइँमा पछारिन् । धरखन अब बापबाप चिच्याउन थाल्यो । आइमाईहरूले के के गरे, गरे । कसैले जुँगामा माटो दलेर उखेल्न खोजे त कसैले आँखीभौंको इज्जत लुटे । कोहीले धोती फुकालेर रुनु न हाँस्नु बनाइदिए । धन्न उसले लगाएको कट्टु चाहिं खोलेनन् तर पिछवाडामा कटुमाथिबाटै गोबर दलिदिए । एउटीले दुईवटा चुरा निकालेर धरखनको हाथमा लाइदिई । उसले जिस्केर घोषणा गरी –"धरखनवा पदनालाई अब मौगी बनाइदिएँ र म मरदनवा भएर बिहे गरिलिएँ । अब धरखन होइन धरखनी भई मेरी पत्नी भइहाली ।"

लामो समयदेखि पानी परेको थिएन । खेतको माटो अररो भइसकेको थियो । टन्टलापुर घामको कारण माटो निकै तातो भइसकेको थियो । घामको रापले त्यसै पसिना चुहिरहेको थियो । यसैमा धरखनवालाई आइमाईहरूले घसेटिरहेका छन् । यस्तो सामूहिक बेइज्जत त उसले कहिल्यै भोगेको थिएन । यसपटकको अनिकाल आफ्नो लागि काल बनेर आएको महसूस गऱ्यो । आइमाईहरू के के बोलिरहेकी थिए, तिनै जानून् । अब त शरीरको कुन अङ्गमा कसले के गरिरहेको छ त्यो पनि छुट्टाछुट्टै अनुभूति गर्न सकिरहेको छैन । मानिसले मानसिक र शारीरिक पीडा एकसाथ भोगिरहँदा आहत सोलोडोलोमा अनुभव गर्दछ ।

धरखनलाई तिर्खा पहिल्यै लागिसकेको थियो । प्रकृतिको रुद्रावतार बेहोरिरहेको अवस्थामा आईमाईहरूको अचानक प्रहारले अकल्पनीय पीडा सिर्जना गरेको थियो । उसको सहने क्षमताले बिस्तारै जवाफ दिन थाल्यो । धरखन विस्तारै शिथिल बन्न थाल्यो । जब धरखनको प्रतिक्रिया न्यून हुन थाल्यो तब त्यहीं बखत एउटीले एक घैला चीसो पानी उसमाथि खन्याइदिई ।

उसको चेतना पुनर्जागृत भयो । उसले ताजापन अनुभूति गर्दै केवल विन्तीको स्वर निकाल्यो–"हे महारानी ! तपाईंहरू जे भन्नुहुन्छ त्यो म पूरा गर्छु । अब ममाथि दया गर्नुहोस् । म दयाको भीख माग्दैछु ।" धरखनको क्षीण र निरीह स्वरले प्रभाव जमायो । पतरकी भौजीले निष्कर्ष सुनाइन् –"सबा सय रोपइआ र सबा किलो लड्डु । रोपाइआ अहिले गएर दोकानवालीको दोकानमा जम्मा गर्न लगाइदिनुहोला र सबा किलो लड्डु लिएर बेर डुब्नु अघि बर्हम बाबा मन्दिरमा आउनुहोला ।"

पतरकी भौजीको वाणीले रामवाणको काम गऱ्यो । धरखनले मुक्ति पायो । आफ्नो जीउ झार्दै उसले ओठबाट फुसफुसायो – "हे इनरदेव महराज ! मलाई यति दशा भए पनि दुनियाँको कल्याण होस्, आजभोलिमैं बरखा भइहालोस् । एक दुईजनालाई अप्ठ्यारो परे पनि दुनियाँलाई सुख प्राप्त हुन्छ भने त्यस्तो अप्ठ्यारोलाई राम्रै मान्नुपर्छ ।"

पतरकी भौजीको समूहले बोहनी सार्थक भएको मान्यो । सबै काम उधारोमा थियो । एउटीले धरखनको गमछा लिई । सबैले सहमति जनाए । अनि अर्को शिकारको खोजीमा आँखा कुदाए धेरैले । गाउँकै सिमानभित्र सात आठ कोला टाढा अर्को हरवाहा हलो जोतिरहेको थियो । महिलाहरूको समूह धरखनकै खेतबाट यसरी तितरबितर भए मानौं सबैजना सबैतिर फरक उद्देश्यले गइरहेका छन् । सबैजना सबैतिरबाट त्यो हरवाहा नेर पुग्दा उसलाई शङ्का हुँदैन । यदि हरवाहाले अनुमान लगाउन सक्यो भने उनीहरूलाई दशा पुऱ्याउन सकिंदैन । यदि हरवाहालाई नै फेला पार्न सकिएन भने बर्हम बाबाको पूजा कहाँबाट गर्ने ? कसरी गर्ने ? आइमाईहरूले आफ्नो घरबाट गर्न मिल्ने संस्कृति रहेको भए हरेक दिन पूजा गर्न सकिन्थ्यो तर जबसम्म हरफरौडी हुँदैन तबसम्म यस धर्मको निर्वाह हुँदैन । धर्म र संस्कृतिको निर्वाह परम्परा अनुसार हुन सक्यो भने राम्रो । आइमाईहरू तितरबितर हुन थालेपछि धरखनलाई पछुतो भयो – म आफ्नै सुरमा हलो जोतिरहेकोले यताउति हेरिनँ अनि सतर्क हुन पाइनँ । कम्तीमा मानसिकरूपमा तयार हुन पाएको भए मलाई यत्ति गाह्रो हुने थिएन ।

साँझ बर्हम बाबाको मन्दिरमा सबा किलो लडु लिएर पूजा गर्न गयो तब धरखनले देख्यो–सात आठजना पुगिसकेका छन् । सबै आइमाईहरू पूर्णतया भक्तिनी लागिरहेका छन् भेषभूषा र त्यहाँको वातावरणले ।

धरखनले बर्हम बाबाको अगाडि शिर निहुरायो । उसको मनमा छिट्टै वर्षा हुने आशाको उदय भइरहेको थियो ।

---

## जसपा पर्साका ...

सञ्चालन रामशङ्कर चौरसियाले गरेका थिए ।

जसपा पर्सा केही महीनादेखि दुई भागमा विभाजित छ । एक पक्षको नेतृत्व रामनरेश यादवले र अर्को पक्षको नेतृत्व सिंगासन साहले गर्दै आएका छन् । यादवलाई पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीको समूहले सघाउँदै छ भने साहलाई पार्टीका प्रमुख सचेतक एवं सांसद यादवको समूहले सघाउँदै आएको छ । यादव नेतृत्वलाई जसपाको मधेस प्रदेश कमिटीले वैधानिकता प्रदान गरे पनि विवादको विषयमा टोली गठन गरेको छ तर सो टोली अहिलेसम्म जिल्लामा आएको छैन । सङ्घले भने दुईमध्ये कसैलाई पनि आधिकारिक घोषणा गरिसकेको छैन ।

---

# हेर्न नमिल्ने, हेर्न नभ्याइने र हेर्दाहेर्दै...

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**सेवाग्राही नं १ :** लौ ! मेरो मुद्दाको पेसी आज पनि 'हेर्न नमिल्ने'मैं पऱ्यो र यताको काम पनि भएन र उता मामको लागि ज्यालादारीको काम पनि नपाइने भो । ११ बजिसकेको छ । उफ !

**सेवाग्राही नं २ :** बिहान १० बजेदेखि अदालतको प्राङ्गणमा बसिरहेको छु । पालो आउँला भनी पर्खंदापर्खंदै दिउँसोको दुई बजिसक्यो । माइकिङ हुँदा एकटक उतै ध्यान केन्द्रित गर्छु, तर आफ्नो नामै सुनिंदैन । इजलासमा उपलब्ध कर्मचारीसँग सोध्दा 'हेर्न नभ्याइने'मा परेको जानकारी पाएसँगै अर्को तारेख लिने क्रममा छु । हे भगवान् ! कहिले फुर्सत पाइएला यहाँबाट !

**सेवाग्राही नं ३ :** बिहान १० बजेदेखि अदालतको प्राङ्गणमा बस्दाबस्दा जीउ थाकिसक्यो । यद्यपि पालो आउला भन्ने आशा थियो । तर कार्यालय समयको अन्तिम प्रहरमा 'हेर्दाहेर्दै'मा वर्गीकृत भएको जानकारी पाएर दुःखित छु ।

यसपरी खिन्नता प्रकट गर्ने सेवाग्राहीहरूको कमी छैन । यसबाहेक फैसला भएका मुद्दासँग सम्बन्धित कतिपय सेवाग्राहीहरूको मुहारमा स्वाभाविक खुशी प्रकट भएको पाइँदैन । किनभने मुद्दा दर्ता र फैसलाबीच हुने वर्षौंको अन्तरालका साथै आर्थिक, मानसिक र शारीरिकलगायत अनेक प्रकारका दुःख कष्ट भोगिसकेपछि आउने फैसलाले स्वाभाविक खुशी प्रदान गर्दो रहेनछ भन्ने दुःखेसो प्रकट गर्ने सेवाग्राहीहरू अदालत परिसरमा थुप्रै भेटिन्छन् ।

जिल्ला र उच्च अदालतदेखि सर्वोच्च अदालतको परिसरमा भेटिने सेवाग्राहीहरूको खुशी वा दुःख शब्दमा बयान गर्न सम्भव छैन । कोही ढिलै भए तापनि न्याय पाएर हर्ष व्यक्त गर्छन् भने कोही न्यायका लागि वर्षौंदेखि धाइरहेको दुःखेसो पोख्छन् । मुद्दाको अङ्ग पुगेर पनि पटकपटक हेर्न नमिल्ने, हेर्न नभ्याइने र हेर्दाहेर्दै जस्ता समस्या जनशक्ति, प्राविधिक वा भौतिक पूर्वाधार आदि जुनसुकै अभाव वा कारणले भएपनि त्यो सरकार र न्याय क्षेत्रको समस्या हो । सेवाग्राहीहरूले त न्यायालयको आदेश अनुसार कर्तव्य निर्वाह गर्ने मात्र हो । निरीह सेवाग्राहीहरूसँग एकमात्र विकल्प हुन्छ । अर्को तारेख लिने, घर जाने र तारेख पाएको मितिमा पुनः उपस्थित हुने । यद्यपि अर्को पेसीको दिन पुनः उही समस्या दोहोरिएला वा पेसी चढ्ला भन्ने भेउ मौसमझैं पूर्वअनुमान गर्न सक्ने उपाय नरहेको सेवाग्राहीहरू भन्छन् ।

जम्मा पेसी सङ्ख्यामध्ये फैसला, निवेदन सुनुवाइ, आदेश, स्थगित, हेर्न नभ्याइने, हेर्न नमिल्ने, हेर्दाहेर्दै र अन्य गरी प्रत्येक दिन मुद्दाको स्थिति विद्युतीय माध्यममा प्रविष्ट भएका तथ्याङ्क जहाँसुकैबाट र जोकोहीले हेर्न मिल्छ । सर्वोच्च, उच्च र जिल्ला अदालतको २०८० कात्तिक १४ गतेको प्रविष्ट विवरण अनुसार अवस्था निम्न बमोजिम देखियो ।

**१. सर्वोच्च अदालत :** मिति २०८० कात्तिक १४ गते जम्मा पेसी सङ्ख्या २१९ मध्ये फैसला १०, आदेश १५, स्थगित पाँच, हेर्न नभ्याइने ११८, हेर्न नमिल्ने २५, हेर्दाहेर्दै ३७ र अन्य नौ गरी २१९ हुन्छ । यसरी प्रविष्ट विवरण अनुसार झन्डै ५४ प्रतिशत 'हेर्न नभ्याइने' र ११ प्रतिशत हेर्दाहेर्दैमा गरी ६५ प्रतिशत मुद्दाका सेवाग्राही उक्त दिन समय र पैसा खर्च गरी रित्तो हात न्यायालयबाट फर्केको अवस्था देखिन्छ ।

**२. उच्च अदालत :** उदाहरणको रूपमा उच्च अदालत जनकपुर अस्थायी इजलास, वीरगंजलाई लिएको छु । यस अदालतको वेबसाइटमा मिति २०८० कात्तिक १४ गतेको प्रविष्ट जानकारी अनुसार उक्त दिन जम्मा पेसी सङ्ख्या १८५ मध्ये फैसला ३४, आदेश ४२, स्थगित २५, हेर्न नभ्याइने ८०, हेर्न नमिल्ने एक र अन्य तीन रहेका देखिन्छन् । कुल पेसी सङ्ख्याको ४४ प्रतिशत मुद्दा हेर्न नभ्याइनेमा परेको प्रविष्ट विवरणबाट अवगत हुन्छ ।



**३. जिल्ला अदालत :** त्यसैगरी, पर्सा जिल्ला अदालतको मिति २०८० कात्तिक १४ गतेको वेबसाइटमा प्रविष्ट जानकारी अनुसार उक्त दिन जम्मा पेसी सङ्ख्या १२३ मध्ये फैसला ३२, आदेश ७७, स्थगित १४ गरी मुख मिलेको देखिए तापनि सर्वोच्च अदालतको वेबसाइटमा पर्सा जिल्ला अदालतको प्रविष्ट प्रतिवेदनको विवरण अनुसार दैनिक पेसी तथा फछ्र्योट विवरणमा कुल पेसी सङ्ख्या १११ र न्यायाधीशगत विवरणमा १०२ प्रविष्ट रहेको देखिन्छ । कुनै विवरणमा जम्मा पेसी सङ्ख्या १२३ त कतै १११ त कतै १०२ भनी एकै दिनको विवरण फरकफरक विधिबाट फरकफरक देखिनु प्राविधिक त्रुटि हो वा अन्य कुनै कारण छ भन्ने कुरा सम्बन्धित अदालतले प्रस्ट गर्ने देखिन्छ ।

**न्याय निरूपणको सुस्त गति**

प्रत्येक दिन नयाँ दर्ता हुने मुद्दाहरूको अनुपातमा फैसला नहुनाले न्यायिक गति सुस्त रहेको स्पष्ट छ । त्यस कारण निरूपणको कार्य द्रुत नभएसम्म मुद्दाको चाङ थुप्रिंदै दिनानुदिन न्यायालय बोझिलो हुँदै गइरहेको देखिन्छ । व्यक्तिवादी, अपराध, भ्रष्टाचार, सार्वजनिक र सामाजिक सरोकारलगायत अनेकौं मुद्दाहरू न्यायको पर्खाइमा अन्याय खेपिरहेको भन्न मिल्छ कि मिल्दैन ? न्यायको विश्वव्यापी सिद्धान्त अनुसार समयमा न्याय नपाउनु पनि अन्याय नै हो ।

लामो समयदेखि सर्वोच्च अदालतमा हेर्न नमिल्ने, हेर्न नभ्याइने र हेर्दाहेर्दैमा पर्दै आइरहेका मुद्दाहरूको सर्वोच्चको वेबसाइटमा दैनिक पेसी सूचीमा प्रविष्ट मुद्दाहरूमध्ये केही मुद्दाहरूको दर्तादेखि हालसम्मको कामकारबाईको अवस्था उदाहरणार्थ यहाँ प्रस्तुत गर्नु सान्दर्भिक छ ।

**चलिरहेको १ :** मुद्दा नं 073-CI-1746 दर्ता मिति २०७४–०२–३०, रुजू मिति २०७४/०७/०१, मुद्दाको किसिम देवानी, मुद्दा बाली बिगो । अङ्ग पुगेको र पेसीमा जाने जनाइएको यो मुद्दा २०७६/०३/२९ देखि २०८०/०७/१२ सम्म झन्डै साढे पाँच वर्षको अवधिमा १४ पटक 'हेर्न नभ्याइने' र एकपटक 'बेन्च नबसेको' अवस्था देखिन्छ ।

**चलिरहेको २ :** मुद्दा नं 074-CI-0366 दर्ता मिति २०७४/०३/०९, रुजू मिति २०७४/०९/१९ मुद्दाको किसिम देवानी, मुद्दा अन्य । अङ्ग पुगेका र पेसीमा जाने जनाइएको यो मुद्दा २०७५/०१/२८ देखि २०८०/०७/१२ सम्म झन्डै साढे पाँच वर्षको अवधिमा दुईपटक पक्षबाट तथा तीनपटक विपक्षबाट स्थगित, आठपटक हेर्न नभ्याइने र दुईपटक हेर्न नमिल्ने भन्ने कुरा मुद्दाको विस्तृत विवरणबाट अवगत हुन्छ ।

**चलिरहेको ३ :** न्याय निरूपणको पर्खाइमा वीरगंजको मुख्य सडक न यताको न उताको अवस्थामा छ । कहिले हेर्न नभ्याइने त कहिले हेर्न नमिल्ने अवस्थाले टुङ्गो लाग्ने प्रक्रिया लम्बिंदै गइरहेको छ । सर्वोच्च अदालतको वेबसाइटमा प्रविष्ट विवरण अनुसार मुद्दा नं 076-WO-0277 सँगै दुईवटा लगाउ मुद्दाहरूको २०औं पटकको पेसी आगामी २०८०/११/२१ मा तोकिएको छ । कहिले हेर्न नभ्याइने त कहिले हेर्न नमिल्नेमा भन्दै आइरहेको देखिन्छ । सुनुवाइ र फैसला कहिले होला भन्ने कुरा आशा गर्नुको विकल्प वीरगंजवासीसँग छैन ।

विभिन्न सञ्चारमाध्यमहरूमा प्रकाशित केही मुद्दाहरूको वृतान्त यस प्रकार रहेका छन् :–

**उदाहरण नं १ :** सरकारले २०६८ असोज ३० गते सर्वोच्च अदालतमा दिनेशनाथ चालिसेसहित नौजनाविरुद्धको भ्रष्टाचार मुद्दामा पुनरावेदन दर्ता गरेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेको भ्रष्टाचार मुद्दामा विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेपछि सर्वोच्चमा पुनरावेदन दर्ता भएको थियो । जुन मुद्दा प्रायः हेर्न नमिल्नेमैं पर्ने गरेको छ ।

त्यसै मुद्दामा प्रतिवादी चालिसेको तर्फबाट कानून व्यवसायीका रूपमा बहस पैरबी गरेका हरिकृष्ण कार्की पछि सर्वोच्चमा न्यायाधीश पदमा नियुक्त भई प्रधानन्यायाधीश हुँदै सेवानिवृत्त भइसकेका छन् । तर अहिलेसम्म मुद्दाको टङ्गो लाग्न सकेको छैन ।

**उदाहरण नं २ :** पछिल्लो समय गत वैशाखमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा १२ वटा मुद्दा दर्ता गराएको आयोगको २०७९/८० को चौथो त्रैमासिकमा उल्लेख छ । सोहीमध्ये सुरक्षण मुद्रण (सेक्युरिटी प्रिन्टिङ प्रेस) केन्द्रका कार्यकारी निर्देशक

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

एउटा अचम्मको कुरा साझा गर्न मन लाग्यो। त्यो के भने भारतको मुम्बईमा अधिकांश परिवारमा गुजराती, मराठी, हिन्दी तथा अङ्ग्रेजी चारवटा भाषा बोल्ने गरिन्छ। साना बच्चाले यी चारैवटा भाषा दुईदेखि अढाई वर्षमा सिकिसक्छन्। त्यही कुरा ठूलो भएर सिक्नुपर्‍यो भने गाह्रो हुन्छ। किनभने ठूलो मानिसको ग्रहणशीलता घटिसकेको हुन्छ। उनीहरू खुला मिजासका हुँदैनन्। संवेदनशीलता र सिक्ने क्षमता घटेर जान्छ।

अहिलेको हाम्रो शिक्षा प्रणाली टङ्कीमा पानी भरेको जस्तो छ। यो शिक्षा प्रणालीले मनलाई बोझिल बनाइदिन्छ। शिक्षाको असली मतलब त हामीभित्रैबाट केही निस्केर आओस् र त्यसले हामीलाई फराकिलो दृष्टिवाला मानिस बनाओस्। हाम्रो जीवन सम्यक होओस्। जसले गर्दा हामी हाम्रो जीवनलाई भित्रबाट जान्न सक्ने क्षमता राखौं। अहिले हामीले प्राप्त गरेका ज्ञान, अनुभव अर्थात् हाम्रो स्मृतिले हामीलाई जीवनलाई जान्न बाधा पुऱ्याइरहेको छ। यो स्मृति हाम्रोलागि बाधक बनिरहेको छ। हामीलाई वृहत्रूपमा फैलिनबाट रोकिरहेको छ।

सानो बच्चा अथवा किशोर ठूलो मानिसभन्दा खुला हुन्छ। ऊ सिक्नको लागि सधैं तयार अवस्थामा हुन्छ। ठूला मानिसहरूलाई शिक्षा दिन बच्चा तथा किशोरवय उमेरका मानिसहरूलाई जस्तो सजिलो हुँदैन। यसैले हाम्रो शिक्षा प्रणाली यस्तो हुनुपर्छ कि यसले हामीलाई एउटा पर्खालमा नथुनोस्। अहिलेसम्म हामीहरूले जति जानेका छौं, यी सबै जानकारी मात्र हुन् र यी जानकारीहरू पनि सबै सत्य नै होलान् भन्ने पनि कुनै ठीक छैन।

अनगिन्ती आविष्कारहरू भइसकेका छन् र हुँदै जानेछन्। त्यसैले हामीले आफ्नो ज्ञानलाई सीमामा बाँध्नुहुँदैन। पहिलेपहिले टाँगा चल्ने गर्थ्यो। टाँगामा जोतिएका घोडाको आँखामा एउटा पट्टी बाँध्ने गरिन्थ्यो। जसले गर्दा टाँगामा जोतिएको घोडाले दायाँ तथा बायाँ हेर्न सक्दैनथ्यो, केवल सामुन्ने मात्र हेर्न सक्थ्यो। हाम्रो ज्ञानले पनि हामीलाई त्यही घोडाजस्तै बनाइदिएको छ। हामीले प्राप्त गरेको ज्ञान पट्टि बनेको छ। हामी पनि केवल सामुन्ने मात्र हेर्न सक्ने भएका छौं। हामीहरू परम्परागत तथा रुढिवादी बनेका छौं।

यही कारणले बुजुर्ग मानिसमा रूपान्तरण हुन मुश्किल छ। युवाहरूमा रूपान्तरण धेरै सजिलो हुन्छ। उनीहरूलाई नयाँ कुरा सम्झाउन सजिलो हुन्छ। त्यही कुरा पाको उमेरको मानिसलाई सम्झाउन मुश्किल हुन्छ। किनकि उनीहरू सिक्नको लागि तयार नै हुँदैनन्। उनीहरू भन्छन्- हामीलाई सबै कुरा थाहा छ, तिमीले सिकाइरहनुपर्दैन। मेरो दाज्यू, कपाल त्यसै फुलेको छैन, मलाई तिमीलाई भन्दा धेरै थाहा छ। नयाँ कुरा ग्रहण गर्दा उनीहरूको अहङ्कारलाई चोट पुग्छ। त्यसैले उनीहरू नयाँ कुरा ग्रहण गर्न मान्दैनन्।

शिक्षा सानैदेखि नयाँ कुराहरूलाई खुला हुनेगरी दिनुपर्छ। भनिन्छ, मानिसको मन पाराशुट जस्तै हो, खुल्यो भने काम गर्छ, नत्रभने ज्यानै लिन्छ। हाम्रो तथाकथित ज्ञानको बोझले हामीलाई सङ्कीर्ण बनाएर संसारबाट अलग गरिदिन्छ। साँच्चै भन्ने हो भने हामी अस्तित्वबाट नै खण्डित हुन जान्छौं।

केवल बौद्धिक विकासको लागि मात्र नभएर आध्यात्मिक उन्नतिको लागि पनि हामी खुलारूपले सिक्नको लागि तत्पर हुनु जरुरी छ। हामीहरूको पुरानो ज्ञान तथा अनुभव भविष्यको विकासको लागि बाधा नबनोस्, भविष्य खुला रहोस्। यस्तो भयो भने बहुत राम्रो मनुष्य जाति यस संसारमा पैदा हुन सक्छ।

शिक्षामाथि धेरै उत्तरदायित्व छ। आज सारा संसारमा जुन दुर्गति छ, त्यो शिक्षाकै कारणले भएको हो।

पुरानो जमानामा जब शिक्षा थिएन, तब मातापिता र घरका बुजुर्गजनहरू नै नयाँ पीढीलाई सिकाउने शिक्षक हुने गर्थे। रोटी कसरी बनाउने, भात कसरी पकाउने भनेर आमाले छोरीलाई शिक्षा दिनुहुन्थ्यो। यतिबेला दुई पीढीबीचमा अन्तराल आउँदैनथ्यो। दुवै पीढी एकापसमा जोडिएका हुन्थे।

जसको पिता सुचीकार हुन्थे, उनले आफ्नो छोरालाई लुगा सिलाउन सिकाउँथे। आफ्नो पिता नै उनका शिक्षक हुन्थे। पिता हमेशा पुत्रको दाँजोमा ज्यादा समझदार हुन्छन्, किनकि जब पुत्र ५० वर्षको हुनेछ, तब पिता ७० वर्षको हुनेछन्। त्यो उमेरमा पिता ज्यादा अनुभवी तथा ज्ञानी हुनेछन्। यसैले पीढीको अन्तराल हुने गर्दैनथ्यो।

आधुनिक शिक्षाको कारणले नयाँ पीढी पुरानो पीढीभन्दा अगाडि निस्किएको छ। आमा अनपढ छिन् अथवा प्राथमिक शिक्षा मात्र उत्तीर्ण गरेकी छन्। तर उनकी छोरी भने होम साइन्स विषय राखेर एमएस्सी पढेर घर आएकी छन्। उनलाई घरगृहस्थी सम्हाल्न तथा खाना पकाउन सबै आउँछ।

उनलाई राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय व्यञ्जन बनाउनसमेत आउँछ। उनलाई आमा र सासूले नामै नसुनेका व्यञ्जनसमेत पकाउन आउँछ। उनको अगाडि त उनकी आमा तथा सासू दुवै केही नजान्ने छन्। यी डिग्रीधारी छोरी अथवा बुहारी आमा र सासूसँग केही सिक्ने छैनन्। यिनीहरूले सबै थोक कलेजबाटै पढेर आएका छन्। यिनीहरूले आफ्नी आमा तथा सासूलाई सिकाउन त खोज्नेछन् तर बुजुर्ग महिलाहरू उनीहरूसँग सिक्न तयार हुनेछैनन्।

आज कुनै डाक्टरको छोरा डाक्टर बनेर आएको छ। पिता र पुत्रमा ३० वर्षको फरक छ। उसले आधुनिक ज्ञान लिएर आएको छ। अहिलेको जमानामा उसको पिता आउट अफ डेट भएको छ। पिताले बिरामीलाई प्रेस्क्राइब गरेका कतिपय औषधिहरू बजारमा पाउनै छोडिसकेका छन्।

अब छोराले बुबासँग सिक्दैन, बरु बुबालाई नै सिकाउने कोशिश गर्नेछ। छोराले बुबासँग नै मानसम्मानको अपेक्षा गर्नेछ। तर बुबाले छोरालाई मानसम्मान दिन सम्भव हुनेछैन।

तर हामीले याद राख्नुपर्ने कुरा यो छ कि छोराले मागिरहेको सम्मान उमेरको होइन। अब छोरो ज्ञानमा अगाडि निस्किसकेको छ। अब त बुबाले छोरासँग सिक्नुपर्ने बेला आएको छ। छोरासँग भन्नुपर्ने बेला भएको छ कि छोरा तिमीले के के सिकेर आएका छौ? मलाई पनि सिकाऊँ। यही कारणहरूले गर्दा पीढी अन्तराल खडा भएको छ।

शिक्षा प्रणाली यस्तो बनाउनुपर्छ कि जहाँ अनुशासनको बन्धन यति धेरै मजबुत नहोस् कि फेरि त्यसलाई तोड्न नसकियोस्। परिवारको संस्कार तथा विचारको बन्धन नतोडियोस् भनेर मर्यादा चाहिँ सिकाउनुपर्छ। एडिकेट्स तथा म्यानर सिकाउनुपर्छ। तर यसको साथसाथै ध्यानको पद्धति सिकाएर उसको चेतनाको विकास गर्नुपर्छ। जसले गर्दा त्यो बच्चाले त्यो बन्धनलाई अलि खुकुलो पार्न सकोस्।

बच्चालाई मर्यादा तथा अनुशासनको सीमामा बाँध्नुपर्छ। अहङ्कारको जञ्जीर पनि लगाइदिनुपर्छ। तर त्यो यति बलियो नहोस् कि फेरि त्यसलाई छिनाउन नसकियोस्। मनको कारागारको पर्खाल पक्की नहोस् कि कैदीले कोशिश गर्दा पनि निस्कन नसकोस्।

जुन किसिमको संस्कार परिवारले दिइरहेको छ, विद्यालय, कलेज तथा विश्वविद्यालयहरूले दिइराखेका छन्, त्यसमा उसले आफ्नो विवेक परिपक्व भएपछि स्वतन्त्र हुन सक्ने कुराको विशेष ख्याल राख्नुपर्छ। तब सबैको जीवन मङ्गलमय, अत्यन्त सुखमय हुन सक्नेछ।

क्रमशः

# तनावजनित र सन्तुलनसम्बन्धी विकार

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**मधेसमा माइतीबाट कलेवा ल्याउनेहरूसँगै दुलहीलाई माइती पठाइदिने चलन छ। दोस्रोपटक आउँदा पहिलेदेखि परिचित भइसकेकी हुनाले उसको चिन्ता र डर समाप्त भइसकेको हुन्छ। यही हो क्राइसिस इन्टरभेन्सन, जसलाई हाम्रा पुर्खाले राम्ररी बुझेका थिए।**

कुनै पनि घरमा कसैको स्वर्ग भएपछि के देखिन्छ? पत्नी बेहोशसम्म हुन्छिन्। भाइबन्धुहरू रोइरहेका हुन्छन्। छिमेकीहरू उदास हुन्छन्। यो किन हुन्छ भने स्वर्ग भएको मानिससित कसको कति प्रगाढ सम्बन्ध र अवलम्बन छ? पत्नीको सबैभन्दा प्रगाढ सम्बन्ध मात्र होइन, उसको जीवनको अवलम्ब नै समाप्त भएको हुन्छ। भाइबन्धुहरू त्यति अवलम्बित हुँदैनन्, त्यसैले रुन्छन् मात्र। मृत्यु, जोसुकैको भए पनि उदासीको कारण हो, त्यसैले छिमेकीहरू उदास हुन्छन्। तर पाठकवृन्द! सम्बन्धको साथ साथै एउटा अरू पनि कारण हुन्छ। त्यो हो घटनाप्रति दिइने प्रतिक्रियाको स्तर र सहनशक्ति। यसलाई एउटा अर्को उदाहरणले बुझौं। हामी प्रायः बलात्कारको समाचार सुन्छौं। र यो पनि सुन्छौं कि एउटा केटीले आत्महत्या गरिन्, तर अर्कीले त्यस्तो गरिन र अभियुक्तलाई अदालतसम्म पुऱ्याइन्। एउटै अपराधमा यी दुई प्रकारको प्रतिक्रिया किन हुन्छ? बलात्कारले त सबै केटीमा समान पीडा दिन्छ, जसलाई एक्सट्रिम स्ट्रेस वा तनाव भनिन्छ। त्यही तनावविरुद्ध प्रतिक्रिया चाहिँ दुई किसिमको देखिन्छ। यस्ता तनावपूर्ण विकृतिमा जुन र जति प्रकारको प्रतिक्रियाहरू देखिन्छन् त्यसलाई स्ट्रेस डिजार्डर भनिन्छ। तपाईं बाढी वा पहिरो गएको ठाउँमा जानुस्। पीडित धेरैथरीका मान्छे भेटिन्छन्। सर्वस्व गुमाएको अवस्थामा पनि कोही उदासीका साथ सन्तुलित नै देखिन्छन् भने कोही मरेतुल्य हुन्छन्। किन हुन्छ यस्तो फरक प्रतिक्रिया? किनभने मानिसमा शरीर र मनको प्रतिक्रियात्मक शक्ति र तरीका भिन्न भिन्न छ। यो भयो तनावसम्बन्धी कुरा।

अब हेरौं ऐडजस्टमेन्ट अथवा बन्दोबस्तीसम्बन्धी विकार। के हो बन्दोबस्ती वा एडजस्टमेन्ट डिजार्डर? मानौं मेरो छोरा भीसा पाएर अमेरिका पढ्न गयो। जाने बेला उसको प्रसन्नताको ठेगान थिएन। मन्दिरमा गएर भगवान्लाई धन्यवाद दियो र खुशीखुशी प्लेन चढेर अमेरिका पुग्यो। त्यसपछि उसको असल प्रतिक्रिया सामुन्ने आयो। बाबुसाहेब राति दुई बजे पनि फोन गर्न थाले-म यहाँ बस्न सक्दिनँ। अर्को छोराले मलाई भन्यो- बुवा यो ठान्छु कि छोरा अमेरिका घुम्न गएको थियो, उसको हालत खराब भयो, तसर्थ उसलाई बोलाउनुस्। एकचोटि म दिदीघर गएको थिएँ। तीन वर्षको मेरो भान्जा मसँग साइकिलमा आउने जिद्दी गर्न थाल्यो। तर एक कोस पुगेपछि उसले आमाकोमा फर्काइदिन यति रुन र हैरान गर्न थाल्यो कि मलाई फर्कन कर लाग्यो। अमेरिका गएको मेरो छोराको प्रतिक्रिया त्यसै किसिमको थियो। जाने बेला खुशीको तर पुगेपछि उदासीको प्रतिक्रिया। यस्तोमा जसरी बच्चाको थरीथरीको प्रतिक्रिया हुन्छ त्यस्तै वयस्कको हुँदैन किनभने प्रत्येक वयस्कमा पनि त्यही बच्चा जीवित रहन्छ। मैले भनें -न आत्तिऊ छोरा, तिमी पहिलेदेखि नै होमसिक हौ। केही दिन धैर्य राख। हामी सबै त तिम्रो साथमा छौं। जहाँसम्म त्यहाँको सवाल छ कम्तिमा एउटा साथी बनाऊ। उसको क्लासमा एकजना नेपाली केटी पनि थिइन्। बिस्तारै दुवैबीच मित्रता भयो र मित्रता बिहेमा परिणत भयो। अब दुवै अमेरिकामा शानदार जीवन व्यतीत गरिरहेका छन्। यही हो ऐडजस्टमेन्ट



डिजार्डर र त्यसको उपचार। वीरगंजका एकजना नामी डाक्टरको कथा मलाई थाहा छ। उनका बुजुग बुबाले बालककालमै राम्रो शिक्षाका लागि टाढा पठाइदिए। ती बुजुकलाई यो थाहा भएन कि दूर देशको शिक्षामा गुरुकुलजस्तो गुरु र गुरुआमा हुँदैनन्। बालकले आफूलाई एडजस्ट गर्न सकेनन्, उनलाई फिर्ता बोलाउन कर लाग्यो। घर नजीकको पाठशालामा पढाई गरेर उनी आफैं बाहिर गए र कुशल डाक्टर बने। केटाकेटी अवस्थामा उनले नयाँ र बिरानो ठाउँमा ऐडजस्ट गर्न सकेनन्। यही हो ऐडजस्टमेंट डिजार्डर र त्यसको उपचार।

अबसम्म पाठकवृन्दलाई यी डिजार्डरहरूको कम्तिमा आधा कुरा थाहा भइसकेको हुनुपर्छ। अब आउनुस् यसैको पाठ्यक्रमिक र वैज्ञानिक कुरातर्फ जाऔं। आइसिडीको अनुसार स्ट्रेस डिजार्डरमा ती विकृतिहरू आउँछन् जुन अपेक्षाकृत बढी तनावपूर्ण घटनाबाट तर अस्थायीरूपमा हुन्छन् अथवा विकृति कुनै घटनापछि उत्पन्न हुन्छ वा जीवनवृत्तिको कुनै परिवर्तनसँग सन्तुलन बनाउन नसक्दा परिलक्षित हुन्छ। पहिलोलाई एक्युट, दोस्रोलाई पोस्टट्रौमेटिक र तेस्रोलाई ऐडजस्टमेंट डिजार्डर भनिन्छ। यसरी तीन शीर्षकमा यसलाई जान्न सकिन्छ :

**१.एक्युट स्ट्रेस डिजार्डर**
**२.पोस्टट्रौमेटिक स्ट्रेस डिजार्डर**
**३.ऐडजस्टमेंट डिजार्डर**

**एक्युट एस्ट्रेस डिजार्डर**-आइसिडीको अनुसार यसमा तनाव र उत्पन्न हुने प्रतिक्रियाको सीधा र इहलौकिक सम्बन्ध हुन्छ, जस्तै-कुनै प्रियजनको मृत्यु, प्राकृतिक विपत्ति, अनिकाल, भूकम्प, बाढी-पहिरो, दुर्घटना वा बलात्कार आदि। यसको लक्षण मिश्रित हुन्छ। प्रायः यो थकानको बेलामा र उमेरको चरममा पाइन्छ। यो बढीजसो महिला वा कम सहनशील पुरुषमा पाइन्छ। यसमा मानिसको अवस्था अचम्म पार्ने खालको र चिन्तादेखि अवसाद, चरम निराशा, छटपटी वा बिल्कुल शान्त र पस्त मुद्रा र चेतनासमेत गायब हुने र बेहोशीसमेत हुन सक्छ। तनावपूर्ण स्थिति हटेपछि यो केही घण्टामै ठीक हुने सम्भावना बढी हुन्छ। तनाव हटाउन सकिएन भने यसको लक्षण एक दुई दिनभित्र कम हुन शुरु हुन्छ तथा तेस्रो दिन धेरै कम मात्र रहन्छ। यसको उपचार तनावपूर्ण माहौलबाट हटिदिनु नै हो, तर यदि प्रियजनको मृत्यु भएको छ भने कसरी हटाउन सकिन्छ? अतः उसलाई सान्त्वना दिने काम त छरछिमेकले नै गर्नुपर्छ। रोगीलाई नसाबाट डाइजेपाम दिनु पनि जरुरी हुन्छ।

**पोस्टट्रौमेटिक डिजार्डर**-आइसिडीको अनुसार यो रोग कुनै असाधारण घटना, दुर्घटना, प्राकृतिक विपत्ति, युद्ध वा बलात्कारपछि देखिन्छ जसको असर मान्छेमा व्यापक र दुःखदायी हुन्छ। यसको कारणले हुने लक्षण घटनाको केहीपछि वा ६ महिना भित्र देखिन्छ वा कहिलेकाहीं त्यसभन्दा बढी समय पनि लाग्न सक्छ। यसका निम्न लक्षण हुन्छन् : फ्लैसबैकको रूपमा घटनाको तस्वीर, विचार वा अनुभूति निरन्तर भइरहन्छ। रोगी त्यस्तै अन्य घटनाबाट जोगिन चाहन्छ, किनभने त्यस्तो घटनाले रोगीको लक्षण फेरि उकासिदिन्छ। एउटी केटीले आफ्नी आफ्नी आमालाई बाढीमा डुबेर मरेको देखेकी छ भने पोखरीमा कसैलाई देखेर पनि आत्तिन थाल्छे। अर्को लक्षणमा रोगीमा घटनाको आंशिक विस्मृति हुन्छ जुन राम्रो र रक्षात्मक प्रक्रिया हो। यसबाहेक रोगीमा चिसोपन महसुस हुनु र कुनै पनि प्रकारको खुशी महसुस नहुनु हुन्छ, जसलाई एनहोडेनिया भनिन्छ। यसको उपचारमा एक त विपत्तिको पूर्वअनुमान गर्नुपर्छ र विपत्तिको ठाउँमा तालीम प्राप्त जनशक्ति परिचालन गरेर विपत्ति रोक्ने र पीडितको सहयोग गर्नुपर्छ। कसैलाई भने सपोर्टिभ साइकोथिरैपी पनि आवश्यक हुन्छ। बेन्जोडाइजिपीनले यस्तोमा चिन्ता र अवसाद दुवैमा राम्रो काम गर्छ।

**ऐडजस्टमेंट डिजार्डर**-यो प्रायः किशोरीहरूमा देखिन्छ तर किशोरमा पनि नदेखिने होइन। कुनै पनि नयाँ माहौल व्यक्तिमा तनावको कारण बन्न सक्छ। यदि मान्छेमा त्यसबाट पार पाउने सीप छ भने उसले ६ महिनामा त्यस माहौलसँग ऐडजस्ट गर्न सक्छ। तर व्यक्ति यदि चिन्ता र अवसादको शिकार बनेको छ भने लामो अवधि पनि लाग्न सक्छ। यसका धेरै उपप्रकार पनि छन्, यथा- जसमा चिन्ता छ, जसमा केवल अवसाद छ र जसमा चिन्ता र अवसाद दुवै छ, जसमा मुख्यरूपले अर्को भावनात्मक गडबडी छ, जसको व्यवहारमा गडबडी छ र जसमा दुवै मिश्रित छन्। अक्सर यो तीन महीनाभित्र ठीक हुन्छ। यसको उपचारमा पहिलो स्थान सपोर्टिभ साइकोथिरैपीको आउँछ। यसको मतलब चिकित्सक र परिवार तथा साथीसङ्गीको सपोर्ट पनि आउँछ। यस अतिरिक्त क्राइसिस इन्टरभेन्सन पनि जरुरी हुन सक्छ। मेरो छोरालाई अमेरिकामा त्यस्तो भयो। यदि उसलाई तुरुन्त अमेरिकाबाट बोलाएको भए उसको हालत ठीक हुन्थ्यो। तर अमेरिकामा जे तनावको कारण बनेको थियो, त्यो हटेपछि त ठीक हुनु स्वाभाविक नै हो। यसैलाई क्राइसिस इन्टरभेन्सन भनिन्छ। अस्थायीरूपले यस्तो गरेपछि दोस्रोपटक जाँदा भने हुँदैन। बीच परीक्षामा एक्कासि मेरो पेट दुख्न थाल्यो। संयोगले दाइ घरबाट आउनुभएको थियो। उनले भने जान है तो जहान है। डाक्टरलाई देखाएर मलाई घर ल्याउनुभयो। यही हो क्राइसिस इन्टरभेन्सन। बिहेपछि दुलही पहिलोचोटि ससुराली आउँछिन्। चिन्तित र डराएडराएजस्तो हुन्छिन्। मधेसमा माइतीबाट कलेवा ल्याउनेहरूसँगै दुलहीलाई माइती पठाइदिने चलन छ। दोस्रोपटक आउँदा पहिलेदेखि परिचित भइसकेकी हुनाले उसको चिन्ता र डर समाप्त भइसकेको हुन्छ। यही हो क्राइसिस इन्टरभेन्सन, जसलाई हाम्रा पुर्खाले राम्ररी बुझेका थिए। यसबाहेक मनोचिकित्सा केन्द्रमा तनाव व्यवस्थापन, सहनशीलता बढाउने तालीम पनि दिइन्छ। यस अतिरिक्त केही चिन्ता र अवसादको ओषधि पनि आवश्यक पर्न सक्छ। अस्तु!

## धान रोप्नेदेखि काट्नसम्म ...

सुरुचि त्रिपाठी जिल्लामा धान काट्नेदेखि थन्काउनेसम्म तराई मूलका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहेको बताउँछिन्। "युवाहरू रोजगारका लागि विदेश पलायन हुने क्रम बढ्दो छ। स्थानीय स्तरमा श्रमिक पाइँदैन," उनी भन्छिन्, "सबै कुरामा हामी परनिर्भर हुँदै गएका छौं।" धान लगाएर किसानलाई फाइदासमेत नभएको सूचना अधिकृत उप्रेती बताउँछिन्। चितवनमा कृषिलाई बिस्तारै यान्त्रिकीकरणतर्फ लैजाने प्रयास गरिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत केही किसानलाई धान रोप्ने, गोड्ने, काट्ने र थ्रेसर लगाउने मेशीन उपलब्ध गराइए पनि पर्याप्त नभएको उनको भनाइ छ। चितवनमा गत आर्थिक वर्ष २२ हजार ८७० हेक्टरमा धानखेती गरिएको थियो। अहिले समयमा पानी नपरेका कारण १० प्रतिशत जमीनमा मकै, कोदो, तरकारीलगायत बाली लगाइएको सूचना अधिकृत उप्रेती बताउँछिन्।

## हेर्न नमिल्ने ...

विकल पौडेललगायत नौजनाविरुद्ध करीब ७० करोडको बिगो माग गर्दै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गराएको समाचारहरू प्रकाशमा आएका थिए।

२०७६ सालमा निकै चर्चामा आएको सेक्युरिटी प्रिन्टिङ प्रेस खरीदमा भ्रष्टाचार भएको आरोपमा अख्तियारले उनीहरूविरुद्ध मुद्दा दर्ता गरी कारवाई अगाडि बढाएको थियो। सेक्युरिटी प्रिन्टिङ प्रेस र फ्युल स्टोरेज ट्याङ्क खरीदमा ठेकेदारसँग मिली कमिशन लिएर दुईवटा ठेक्का सम्झौता र भुक्तानी गरी अनियमितता गरेको अख्तियारको आरोप छ।

प्रेस खरीदको चर्चा चलिरहेकै बेला २०७६ फागुन ८ गते तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले राजीनामा दिनुपरेको थियो। सेक्युरिटी प्रिन्टिङ प्रेस खरीदमा स्वीस कम्पनीका एजेन्ट विजय मिश्र र उनीबीच कमिशनबारे कुराकानी भएको अडियो बाहिरिएको थियो। एजेन्टसँग ७० करोड कमिशनका लागि भएको कुराकानीको अडियो सार्वजनिक भएपछि मन्त्री बाँस्कोटा विवादमा तानिएका थिए। मन्त्रिपरिषद्ले जिटुजीमा सेक्युरिटी प्रिन्टिङ प्रेस खरीद गर्ने निर्णय गरेको थियो।

**दायित्व**

लामो समयसम्म मुद्दाहरूको टुङ्गो नलाग्दा समाजमा नकारात्मक र सकारात्मकमध्ये कुन प्रकारको मनोविज्ञानले बढी असर गर्ला? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ। न्यायालयमा जनशक्तिलगायत अन्य कुनै पनि प्रकारको आपूर्ति गर्ने दायित्व सरकार र सम्बन्धित निकायको हो। आमजनता त केवल द्रुत सेवाका लागि आकाङ्क्षा गर्न सक्छ।

न्यायालले प्रत्येक वर्ष मुद्दाहरूको फछ्र्योट विवरणसँगै भौतिक पूर्वाधार र जनशक्तिलगायत समस्याबारे अनेक दृष्टान्तहरू सार्वजनिक गर्ने गरेको पाइन्छ। यद्यपि सरकार अभाव पूर्ति गर्न सकिरहेको छैन वा अभाव पूर्ति गर्दा पनि न्यायालयबाटै कामकारबाई भइरहेको छैन भन्नेबारे आम जनतालाई बुझ्न कठिन छ। आखिर न्यायालयको समस्या समाधान गर्ने र द्रुत सेवा प्रदान गर्ने दायित्व कसको हो? न्याय क्षेत्रमा हेर्न नमिल्ने, हेर्न नभ्याइने र हेर्दाहेर्दै भन्ने शब्दावलीले न्याय क्षेत्रको गरिमा व्यक्त गरिरहेको छ। यसतर्फ सरकार र सम्बन्धित निकायको गम्भीर चासो अपरिहार्य छ।

# अन्तर्राष्ट्रिय समाचार

## न्युजिल्यान्डका प्रधानमन्त्रीले तीन दलीय गठबन्धन सरकार बनाउने

वेलिङ्टन, १७ कात्तिक/एएफपी

शुक्रवार अन्तिम चुनावी परिणाममा पूर्ण बहुमत हासिल गर्न असफल भएपछि न्युजिल्यान्डमा नयाँ प्रधानमन्त्री क्रिस्टोफर लक्सनले तीन दलीय गठबन्धन सरकार बनाउने बताएका छन्।

लक्सनको नेशनल पार्टीले गत महिना भएको निर्वाचनमा कुल १२३ सिटमा ४८ सिट हासिल गरेपछि उनलाई सरकार बनाउन अन्य पार्टीको समर्थन आवश्यक परेको छ।

एयरलाइन्सका पूर्वकार्यकारी ५३ वर्षीय लक्सनले उदारवादी एसिटी र लोकप्रिय न्युजिल्यान्ड फर्स्ट पार्टीसँग सरकार गठनका लागि शनिवार र आइतवार वार्ता हुने जानकारी दिए।

"अन्तिम स्पष्टता हुनु राम्रो हो, अब हामी तीव्रता प्राप्त गर्न सक्छौं," गठबन्धन सम्झौतामा समयसीमा तोक्न अस्वीकार गर्दै वेलिङ्टनस्थित संसद्मा पत्रकारहरूसँग लक्सनले भने, "हामी दुवै पार्टीसँग रचनात्मकरूपमा काम गर्नेछौं, हामी एकसाथ आउनेछौं र एउटा बलियो र स्थिर सरकार बनाउनेछौं।"

नोभेम्बरमा सान फ्रान्सिस्कोमा एशिया-प्रशान्त क्षेत्रका प्रमुख नेताहरूको शिखर सम्मेलन शुरू हुनुअघि न्युजिल्यान्डमा सरकार बन्न सक्छ वा सक्दैन भन्ने स्पष्ट छैन।



प्रधानमन्त्री क्रिस्टोफर लक्सन। तस्वीर: एएफपी

सरकार गठन गरेको पहिलो एक सय दिनमा नेशनल पार्टीले विद्यालयमा सेलफोनमाथि प्रतिबन्ध, अपराध नियन्त्रण र योजनाबद्ध इन्धनमा कर वृद्धि खारेजजस्ता परिवर्तन गर्ने वाचा गरेको छ।

न्युजिल्यान्डका मतदाताहरूले अक्टोबर १४ मा भएको निर्वाचनमा मध्य वामपन्थी लेबर सरकारको छ वर्षको शासनलाई अन्त्य गरेका छन्। जनवरीमा जसिन्डा अर्डर्नको स्थानमा प्रधानमन्त्री बनेका क्रिस हिपकिन्सले मतदान सकिएको केही घण्टापछि पराजय स्वीकार गरेका थिए। रासस

## अस्ट्रेलियाली प्रधानमन्त्री अल्बानिज चीन भ्रमणमा

सिड्नी, १७ कात्तिक/एएफपी

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज ऐतिहासिक भ्रमणको क्रममा चीन प्रस्थान गरेको छ। यो भ्रमण ठूलो व्यापारिक र रणनीतिक प्रतिद्वन्द्वी चीनसँग चीसो सम्बन्ध पग्लिएको सङ्केत हो।

उनको बेइजिङ र साङ्घाईको चार दिने भ्रमण सात वर्षमा कुनै पनि अस्ट्रेलियाली नेताको पहिलो भ्रमण हो।

अर्बौं डलरको व्यापारिक नोक्सान हुनेगरी कूटनीतिक विघटन भएपछि दुई मुलुकबीचको सम्बन्ध सुदृढ स्थितिमा रहेको छ भन्ने रूपमा यो भ्रमणलाई हेरिएको छ।

गत वर्षको मे महीनाको निर्वाचनपछि अल्बानिज सरकारले प्रशान्त क्षेत्रमा बेइजिङको बढ्दो प्रभावको सामना गर्दै आफ्नो मुलुकको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग मित्रतापूर्ण सम्बन्ध बनाउने प्रयासमा चीनसँग दोहोरो रणनीति अपनाएको छ।

अघिल्लो सरकारले फाइभ जी प्रविधिको हुवावेमाथि प्रतिबन्ध लगाउने र कोभिड-१९ को उत्पत्तिको अनुसन्धान गर्ने आह्वान गरेपछि आक्रोशित चीनले सन् २०२० मा अस्ट्रेलियाली सामानहरूमा दण्डात्मक भन्सार शुल्क लगाएको थियो। तर अस्ट्रेलियाको नयाँ सरकार अन्तर्गत स्वरमा परिवर्तनसँगै तीमध्ये अधिकांश अवरोधहरू हटाइए।

"चीन-अस्ट्रेलिया सम्बन्ध अब स्थापना हुने र पुनः शुरू हुने महत्त्वपूर्ण मोडमा छ," अस्ट्रेलियामा चीनका राजदूत जिओ कियानले प्रधानमन्त्री अल्बानिजको भ्रमणअघि एक लेखमा भने। उनले 'दुवै पक्षको अथक प्रयास'बाट चिनियाँ बजारमा अस्ट्रेलियाली कोइला, काठ र जौंको निर्यात पुनः शुरू भएकामा सराहना व्यक्त गरे।

चीनले पाँच महीनाको समीक्षापछि वाइनमाथि लगाएको भन्सार शुल्क दरलाई पनि हटाउने सङ्केत दिएको छ। चीनले अहिले पनि आयातमाथि रोक लगाइएका केही उत्पादनमा वाइन पनि एक थियो।

चीनसँग सहज कूटनीतिक र व्यापारिक सम्बन्ध शुरू भएपनि दुवै मुलुक रणनीतिकरूपमा एकजुट नभएको प्रधानमन्त्री अल्बानिजले स्पष्ट गरेका छन्। गत महीना वाशिङ्टन भ्रमणका क्रममा उनले भने, "यो विषयमा मेरो स्पष्ट भनाइ छ, हामी भिन्न इतिहास, मूल्य र राजनीतिक प्रणाली भएका दुई मुलुक हौं।"

चीनले स्वयंलाई यथास्थितिको पक्षमा एक शक्तिका रूपमा नहेरेको भन्दै उनले भने, "ऊ आफ्नो रुचिको मूल्यहरूप्रति अधिक अनुकूल हुने क्षेत्र चाहन्छ।"

अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थाबाट लाभान्वित हुने प्रत्येक मुलुकको जिम्मेवारी भनेको उसले यसको रक्षाका लागि मिलेर काम गर्नुपर्छ भन्दै प्रधानमन्त्री अल्बानिजले प्रत्येक मुलुकलाई आफ्नो भाग्य चयन गर्ने अधिकारको रक्षा गर्न र मानव अधिकारलाई कायम राख्न आह्वान गरे। रासस

## विषाक्त धूवाँका कारण नयाँ दिल्लीमा विद्यालय बन्द

नयाँ दिल्ली, १७ कात्तिक/एएफपी

विषाक्त धूवाँका कारण भारतको राजधानी नयाँ दिल्लीमा शुक्रवार विद्यालय बन्द गरिएको छ। विषाक्त धूवाँले नयाँ दिल्लीका तीन करोड बासिन्दाको जीवन कष्टपूर्ण बनेको छ।

किसानले जलाएको परालको धूवाँ, सवारीसाधनबाट निस्कने धूवाँ र कारखानाको उत्सर्जनले हरेक जाडोयाममा राजधानी नयाँ दिल्लीलाई घातक धूवाँले ढाक्छ।

अनुगमन गर्ने संस्था आइक्यूएयरका अनुसार शुक्रवार सबैभन्दा खतरनाक पिएम २.५ कणहरूको स्तर विश्व स्वास्थ्य सङ्गठनले सिफारिश गरेकोभन्दा दैनिक ३५ गुणा अधिक थियो। पिएम २.५ कण रक्तप्रवाहमा प्रवेश गर्न सक्ने अति सानो कण हो। नयाँ दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले विहीवार राजधानीका सबै प्राथमिक विद्यालय कम्तीमा दुई दिनका लागि बन्द रहने घोषणा गरेका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — भयचिन्ता | वृष — राज्यलाभ |
| मिथुन — विजय | कर्कट — भाग्योदय |
| सिंह — बेचैनी | कन्या — मनोरञ्जन |
| तुला — कर्मप्राप्ति | वृश्चिक — राज्यभय |
| धनु — वादविवाद | मकर — यात्रालाभ |
| कुम्भ — कडापरिश्रम | मीन — कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- विहान ७:४० बजे
भिस्वा- विहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## डिपुटी मेयर क्लब पुनः सक्रिय हुँदै

प्रस, वीरगंज, १७ कात्तिक/

पर्सा जिल्लामा डिपुटी मेयर क्लब पुनः सक्रिय भएको छ। स्थानीय चुनावपछि डेढ वर्षदेखि निष्क्रिय रहेको डिपुटी मेयर क्लब शुक्रवारदेखि पुनः सक्रिय भएको हो।

वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा शुक्रवार वीरगंजमा बैठक बसेको पटेर्वासुगौली गाउँपालिकाका उपाध्यक्ष ममता महतोले बताइन्। उनले आज बसेको बैठकले समितिमा सदस्यहरू थप गरिएको र १४ वटै पालिकाका उपाध्यक्षलाई सदस्य बनाइएको तथा वीरगंज महानगरका उपप्रमुख आलमलाई संयोजकको जिम्मेवारी दिइएको बताइन्। यसअघि डिपुटी मेयर क्लबको अध्यक्ष पोखरिया नगरपालिकाकी पूर्वउपप्रमुख सलमा खातुन थिइन्। उनी निर्वाचनमा सहभागी नभएपछि यो क्लब हालसम्म निष्क्रिय रहेको थियो।

आजको बैठकमा छिपहरमाई, जीराभवानी, विन्ध्यवासिनी, सखुवाप्रसौनी, धोबिनी, ठोरी, पटेर्वासुगौली गापाका उपाध्यक्ष र बहुदरमाई नगरपालिकाका उपाध्यक्ष क्रमशः लीला साह कानु, रेखा चौधरी, ज्योति चौरसिया, शर्मिला विष्ट, मञ्जु देवी, गोकुली रेग्मी, ममता महतो र सुषमा कुशवाहा सहभागी थिए।

## सहकारीले किसानलाई रोजगार दिएको छ -नगरप्रमुख पाठक

प्रस, पर्सागढी, १७ कात्तिक/


तस्वीर: प्रतीक

पर्सागढी नगरपालिका-३ स्थित सुनाखरी कृषि सहकारी संस्था लिमिटेड, झुलीटारको साधारणसभा सम्पन्न भएको छ।

संस्थाकी अध्यक्ष सरस्वती भट्टराईको अध्यक्षतामा भएको १०औं साधारणसभाको नगरप्रमुख गोकर्ण पाठक र उपप्रमुख पूजा चौधरीले संयुक्तरूपमा उद्घाटन गरेका थिए। कार्यक्रममा नगरप्रमुख पाठकले सुनाखरी सहकारी सञ्चालनमा आएपछि स्थानीय किसानहरूले रोजगारको अवसर पाएको बताए।

सहकारी संस्थाले सञ्चालन गरेको डेरीका कारण आसपासका किसानहरूमा पशुपालन गर्ने र दूध बिक्री गर्ने उत्साह थपिएको उनले बताए। उनले सहकारीको कारण समयसमयमा मलखाद पाउनुको साथै अनुदानमा कृषि सामग्री तथा औषधिहरू उपलब्ध भएको र यसबाट किसानहरू लाभान्वित भएको बताए।

उनले किसान लक्षित कार्यक्रमहरू गर्दै आएको कारण नगरपालिकाले पनि सहकारीलाई अनुदान सहयोग गर्दै कृषि कर्मका सामानहरू खरीद गर्न सघाउँदै आएको बताए। उनले पर्सागढी नपामा प्रमुख रोजगार नै कृषि भएकोले कृषि विकासको लागि नपाले बर्सेनि बजेट विनियोजन गर्दै आएको बताए।

कार्यक्रममा सबैभन्दा बढी दूध उत्पादन गर्ने किसान र डेरीमा कार्यरत कर्मचारी अचित्रा कुमारीलाई दोसल्ला ओढाएर नगदसहित सम्मान गरिएको थियो।

कार्यक्रममा पूर्ववडाध्यक्ष उद्धवबहादुर उप्रेती, अन्नपूर्ण दुग्ध डेरीका अध्यक्ष जगन्नाथ तिवारी, वडा सदस्य सर्वत चौधरी, किसान विक्रम कार्कीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण संस्थाका सचिव दीपेश नेपाल गरेका थिए।

## पाललाई सघाउने विकास साझेदारको प्रतिबद्धता

काठमाडौं, १७ कात्तिक/रासस

नेपालको विकासमा सक्रिय १६ विकास साझेदारले यहाँको सामाजिक-आर्थिक उन्नयनमा सघाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) बमोजिम उच्च प्राथमिकता प्राप्त लगानी र नीतिहरूको कार्यान्वयनमा नेपाललाई सहयोग गर्नका लागि वित्तीय तथा प्राविधिक सहायता एकीकृत एवं विस्तार गर्न विकास साझेदारहरू सहमत भएका छन्।

विश्व बैंक र अन्य विकास साझेदारहरूको सहकार्यमा अर्थ मन्त्रालयद्वारा हिजो विहीवार आयोजित उच्चस्तरीय कार्यक्रममा नेपालको ग्रिड रणनीतिक कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा एक संयुक्त वक्तव्यलाई अनुमोदन गरिएको छ।

सरकार, विकास साझेदार, नागरिक समाज सङ्गठन, निजी क्षेत्रका सरोकारवाला र प्रबुद्ध वर्गहरूले समेत नेपालका ग्रिड प्राथमिकताहरूमा हुने वित्तीय लगानी र कार्यान्वयनलाई निरन्तरता दिन संस्थागत एवं क्षेत्रगत तहमा रहेर काम गर्ने पुनः प्रतिबद्धता व्यक्त गरेका हुन्।

"नेपालमा हामीले आपतहरू सहन सक्ने, हाम्रो वातावरणको संरक्षण गर्ने र हाम्रा जनताको जीवनस्तर उकास्न सक्ने हरित, थप उत्थानशील र थप समावेशी अर्थतन्त्र निर्माण गर्ने दृष्टिकोणका रूपमा ग्रिडको अवधारणालाई मनन गरेका छौं," अर्थमन्त्री डा प्रकाशशरण महतले भने, "विकास र रोजगार सिर्जनालाई गति दिन, जीविकोपार्जनलाई बलियो बनाउन र दिगोरूपमा नेपाली जनताको समृद्धिलाई बढावा दिन नयाँ ग्रिड रणनीतिक कार्ययोजना एक नीतिगत माध्यम हुन सक्छ।"

ग्रिड रणनीतिक कार्ययोजनाका लागि प्राप्त हुने बाह्य लगानी अन्तर्गत अनुदान र अन्य सहुलियतपूर्ण वित्तीय लगानीहरू जस्तै सहुलियतपूर्ण ऋण र कार्बन वित्तजस्ता नवीनतम वित्तीय लगानी रहेका छन्। बाह्य वित्तीय लगानी नेपालको सार्वजनिक बजेटको पूरकका रूपमा रहनेछ र यसले विदेशी र स्वदेशी निजी क्षेत्रको लगानीलाई समेत लाभान्वित गराउने लक्ष्य लिएको छ।

ग्रिड रणनीतिक कार्ययोजनाले १० वटा प्राथमिकताप्राप्त कार्यहरू पहिचान गरेको छ। यसमा थप उत्थानशील पूर्वाधार, परिस्थितिकी प्रणाली र खाद्य प्रणालीका लागि भूमि, जल र वनलाई अझ बढी उत्पादनशील, दिगो र एकीकृतरूपमा व्यवस्थापन गर्ने लक्ष्य लिएको छ।

शहरी विकासलाई हरित बनाउने, खानेपानी र सरसफाइ विस्तार गर्ने, वायु प्रदूषण न्यूनीकरण र फोहोरमैला व्यवस्थापन गर्ने, नवीकरणीय ऊर्जालाई बढावा दिने, यातायातको दिगोपन र उत्थानशीलता अभिवृद्धि गर्ने विपद् जोखिम व्यवस्थापनलाई सुदृढ बनाउने र आघातप्रति थप उत्तरदायी बनाउन सामाजिक सुरक्षा एवं स्वास्थ्य प्रणाली अभिवृद्धि गर्ने विषयहरू समावेश छन्।

विश्व बैंककी कार्यसञ्चालन प्रबन्ध निर्देशक अन्ना जेर्डे दिगो, उत्थानशील र समावेशी अर्थतन्त्रतर्फ रणनीतिक कदम चाल्न सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरिन्।

## सिम्रौनगढमा जनमत पार्टीको आमसभा

प्रस, सिम्रौनगढ, १७ कात्तिक/

सिम्रौनगढ नगरपालिकामा जनमत पार्टीले भ्रष्टाचारविरुद्ध र्‍याली र आमसभा गरेको छ।

कङ्काली मन्दिरनजीक बसपार्कमा आयोजित आमसभाका प्रमुख अतिथि केन्द्रीय सदस्य सुनीलप्रसाद यादवले सिम्रौनगढ नपामा भ्रष्टाचार बढेको, कर्मचारीहरूले तलब सुविधाका लागि आन्दोलन गर्नुपरेको, जनताको कामकाज ठप्प पारिएको, लामो समयसम्म अस्पताल बन्द भएको र चाडपर्वमा पनि सामाजिक सुरक्षाभत्ता वितरण हुन नसकेकोमा नगरप्रमुख किशोरी कलवार र मुख्यमन्त्री सरोज यादवको आलोचना गरे।

विजय शर्माको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय कार्यकारिणी सदस्य रोशनी खातुन, राजनीतिक समिति सदस्य प्रभु पटेल, आरके राउत, रामाशङ्कर कुशवाहा, विकास सिंह, गगनदेव कुशवाहा, हरिशङ्कर यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा सर्वजीत पटेलले स्वागत र चन्दन शर्माले सहजीकरण गरेका थिए।

## लालपर्सामा वाइसिएलको कमिटी गठन

प्रस, वीरगंज, १७ कात्तिक/

वीरगंज महानगरपालिका-३० लालपर्सा र प्रसौतीपुरमा नेकपा माओवादी केन्द्रको जनवर्गीय सङ्गठन वाइसिएलको भेला सम्पन्न भएको छ।

वीरेन्द्र मण्डलको अध्यक्षतामा भएको भेलाले अनिलकुमार कुशवाहाको अध्यक्षतामा ३५ सदस्यीय वडा एकाइ कमिटी गठन गरेको छ।

कमिटीको उपाध्यक्ष शेख बसरुद्दीन, रञ्जन मण्डल, हरेराम महरा, सचिव दीनानाथ साह, सहसचिव राजेश यादव, कोषाध्यक्ष प्रमोद साह र सदस्यहरू रेहना खातुन, दिलीप कुमार, अर्जुन पासवानलगायत रहेका छन्।

भेलामा जीतु मल्लिक, शेख अजमदलगायतको सहभागिता थियो।

## सालको गोलिया बरामद

प्रस, पंचगावाँ, १७ कात्तिक/

सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीले साइकलसहित तीन थान सालको गोलिया बरामद गरेको छ।

जमदार अर्जुन चौधरी नेतृत्वको गस्ती टोलीले पटेर्वासुगौली गाउँपालिका- २ बेलवाबाट तीनवटा साइकल र तीन थान सालको गोलिया बरामद गरेको र बरामद २७ क्युबिक फिट काठको बजार मूल्य करीब डेढ लाख हुने रेन्जर कपिलदेव यादवले बताए।

तस्कर समूहले गादी, चाभी, थरहठीघाटबाट राष्ट्रिय वनबाट रूख कटान गरी काँचो सालको गोलिया देउरवानातर्फ लगदै गर्दा वनगस्ती टोलीले सो परिमाणको सालको गोलिया बरामद गरेको हो।

# पोखरियामा खुला शौच गर्नेलाई कारबाई हुँदै

## तीन दिनमा १८ जनामाथि कारबाई

प्रस, पोखरिया, १७ कात्तिक/

पोखरिया नगरपालिकाले खुलारूपमा दिसागर्ने विरुद्ध कारबाई सुचारु गरेको छ। शुक्रवार चारजनालाई खुला दिसा गरेको कसूरमा पक्राउ गरी जनही एक हजार जरिवाना गरेको नगरप्रमुख प्रद्युम्न चौहानले बताए।

उनले पोखरिया नगरपालिकामा खुला शौच गर्नेहरूको सङ्ख्यामा वृद्धि भएसँगै सोविरुद्धको अभियान सञ्चालन गरेको बताए। कात्तिक १५ गतेदेखि अभियान सञ्चालन गरिएको र तीन दिनमा १८ जनालाई कारबाई गरिएको उनले बताए।

१० वटा वडा रहेको पोखरिया नगरपलिकाका प्रायः सबै वडामा अहिले खुलारूपमा दिसा गर्ने क्रम बढेको छ।

वडा नं १ वनकटवा, २ को लमरिया नहर, ३ को वसन्तपुरदेखि फूलवरिगा सडकखण्ड, ४ को पोखरिया बजारदेखि श्रीसिया नहर सडकखण्ड, ५ को सतवरियादेखि बिरञ्चीबर्वा जाने सडकखण्ड, ६ को श्रीसियादेखि मनइपुर/रानीगंज, ७ को सेमरवारीदेखि रानीगंज, ८, ९ को नहरबाटो र १० को शिवबर्वादेखि नहर सडकखण्डमा खुलारूपमा दिसा गर्नेको सङ्ख्या बढेको छ।

# महानगरका वडाहरूको अनुगमन

प्रस, वीरगंज, १७ कात्तिक/

वीरगंज महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको सेवा अझ प्रभावकारी



तस्वीरः प्रतीक

बनाउन सुशासन तथा संस्थागत विकास समितिले वडा समितिहरूको अनुगमनलाई निरन्तरता दिएको छ। समितिले शुक्रवार महानगरका चारवटा वडाको सेवाप्रवाहबारे अनुगमन गरेको नगरप्रमुखका प्रेस सल्लाहकार महेश दासले बताए। वडा नं १२, ३०, ३१ र ३२ को आज अनुगमन गरिएको प्रेस सल्लाहकार दासले बताए।

वडाहरूबाट प्रदान गरिने सेवा अझ प्रभावकारी बनाउन अनुगमन गरिएको र समस्याहरूको पहिचान गर्ने कार्य गरिएको समितिका संयोजक प्रदीप चौरसियाले बताए। उनले वडामा कर्मचारीको उपस्थिति, सेवाप्रवाहको अवस्था, राजस्व सङ्कलनलगायतका विषयमा जानकारी लिने काम भएको समितिका संयोजक चौरसिया बताए।

केही वडामा कर्मचारी अभाव हुँदा सेवाप्रवाहमा समस्या आएको र कतिपय स्थानमा राजस्व सङ्कलनमा समस्या देखिएकाले वास्तविकता यकीन गर्न अनुगमन थालिएको उनले प्रस्ट्याए।

वडामा सङ्कलन हुने राजस्व साप्ताहिकरूपमा दाखिला गराउनुपर्नेमा कतिपय वडाले सो अवधिमा दाखिला नगरेको देखिएकाले त्यसलाई कडाइ गरिने समितिका सदस्य तथा वडाध्यक्ष शम्भु मिश्रले बताए।

समितिले यसअघि वडा नं ४, ५, ६, ७ र १५ गरी पाँचवटा वडाको अनुगमन गरिसकेको महानगरको प्रशासन महाशाखा प्रमुख राजकृष्ण ताम्राकारले बताए। उनले अनुगमन कार्य ३२ वटै वडामा गरिने र त्यहाँका समस्या पहिचान गरी समाधान गरिने बताए। नगरप्रमुख राजेशमान सिंहलाई वडाबाट प्रवाह हुने सेवा प्रभावकारी नभएको, सेवाग्राहीले दुःख पाएको र राजस्व हिनामिना भएको गुनासो आएपछि अनुगमन समिति परिचालन गरिएको प्रेस सल्लाहकार दासले बताए। अनुगमनमा समितिका सदस्यहरू, सचिवालय सल्लाहकार हरि पोखरेल, नगरप्रहरी प्रमुख हरि भुसाललगायतको सहभागिता थियो।


## बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं

- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जङ्कफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाइल तथा टिभीको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## बरामद भएको तीन सातापछि भन्सार चलान

प्रस, वीरगंज, १७ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले करीब एक लाख मूल्य बराबरको चकलेट बरामद गरेको बीस दिनपछि वीरगंज भन्सार कार्यालयमा कारबाहीको लागि चलान गरेको छ।

जिप्रका, पर्साले असोज २७ गते वीरगंज महानगर–७ रेलवे सडकखण्डमा रहेको रामबाबू कलवारको तीन तले घरमा भण्डार गरिएको अवस्थामा विभिन्न ब्रान्डका चकलेटहरू बरामद गरेको थियो। प्रहरीले सो बखत बरामद गरेको चकलेट भन्सार छलीको दाबी गरे पनि कात्तिक १७ गते शुक्रवार मात्र वीरगंज भन्सार कार्यालयमा आवश्यक कारबाहीको लागि चलान गरेको छ। अन्य घटनामा पर्सा प्रहरीले बरामद सामानहरू आजको आजै र बढीमा तीन दिनभित्र राजस्व अनुसन्धान र भन्सार कार्यालयमा बुझाउने गरे पनि यो घटनामा अझ खाद्यान्न वस्तु भएपनि भन्सार ढिलो गरी चलान गर्नुको कारण प्रहरीले खुलाएको छैन।

# खेलकूदको संसार

## परसवा गोल्डकप : लिग चरणको खेल समाप्त

प्रस, सेढवा, १७ कात्तिक/

न्यू एभरेस्ट क्लब, जीराभवानी गाउँपालिका–३ को आयोजनामा जारी परसवा गोल्डकप–२०८० को लिग चरणको



तस्वीरः प्रतीक

अन्तिम खेलमा भारतको जयहिन्द एभरेस्ट क्लब, इनर्वा विजयी भएको छ।

'डी' समूह अन्तर्गत इनर्वाले त्रिशूल क्लब, बकुलियालाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गरी क्वार्टरफाइलनमा प्रवेश गरेको छ।

बकुलिया पराजित भएर समूह चरणको उपविजेता बनेको छ। इनर्वाका लागि लियो र फिलिप्सले समान एक/एक गोल गरेका थिए। आजको खेलमा इनर्वाका न्यूटन 'म्यान अफ दी म्याच' घोषित भए।

'डी' समूहको इनर्वा समूह 'सी'को उपविजेता पकडी टोलसँग क्वार्टरफाइनल खेल्ने तालिका बनेको छ भने उपविजेता बकुलिया समूह 'सी'को विजेता मनहर्वा बारासँग क्वार्टरफाइनलमा भिड्नेछ। भोलि शनिवारदेखि क्वार्टरफाइनलका खेल हुने आयोजक कमिटीले जनाएको छ। भोलिको पहिलो क्वार्टरफाइनल खेल 'ए' समूहको सेढवा र 'बी' समूहको आयोजक न्यू एभरेस्ट क्लब, परसवाबीच हुनेछ।

लिग चरणमा 'ए' समूहबाट सेढवा र पटेर्वासुगौली, 'बी' समूहबाट परसवा र निचुटा, 'सी' समूहबाट पकडीटोल र मनहर्वा तथा 'डी' समूहबाट भारतको इनर्वा र बाराको बकुलिया क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। चारवटा समूहबाट १२ वटा टीम सहभागी भएकामा चारवटा टीम लिग चरणबाट बाहिरिएका छन्।

## जगरनाथपुरमा अध्यक्ष कप क्रिकेट प्रतियोगिता शुरू

प्रस, सेढवा, १७ कात्तिक/

जगरनाथपुर गाउँपालिकामा शुक्रवारदेखि दोस्रो अध्यक्ष कप क्रिकेट प्रतियोगिता शुरू भएको छ।



तस्वीरः प्रतीक

प्रतियोगिताको उद्घाटन वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले गरेका थिए। मधुवाहा क्रिकेट मैदानमा शुरू भएको खेलमा जगरनाथपुर गापाका टीमहरू सहभागिता छन्। गापाध्यक्ष श्रीकान्त यादवको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा वक्ताहरूले प्रतियोगिताबाट स्थानीय खेलाडी उत्पादन हुने बताए। उद्घाटन खेलमा वडा नं ४ र ५ बीच बराबरी भएको प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्दन रायले बताए।

## नेपाल विश्वकपमा छनोट

काठमाडौं, १७ कात्तिक/रासस

नेपाल सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा हुने आइसिसी मेन्स टी–२० विश्वकपमा छनोट भएको छ। माथिल्लो मूलपानी क्रिकेट मैदानमा संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल दोस्रोपटक विश्वकपमा छनोट भएको हो।

युएईले दिएको १३५ रनको लक्ष्य नेपालले १७ दशमलव एक ओभरमा दुई विकेटको क्षतिमा पूरा गर्‍यो। नेपालको जीतमा विकेटकीपर आसिफ शेखले अर्धशतकीय पारी खेले। उनले ५१ बलमा एक छक्का र सात चौकाको सहयोगमा ६४ रन बनाए।

कप्तान रोहित पौडेलले दुई छक्का र दुई चौकाको सहयोगमा ३४ रन बनाए भने गुलशन झाले २२ र कुशल भुर्तेलले ११ रन बनाए। युएईका लागि निलान्स केशवानी र बसिल हमिदले एक/एक विकेट लिए।

टस जितेर पहिले ब्याटिङ रोजेको युएईले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १३४ रन बनायो। युएईका लागि विकेटकीपर वृत्या अरविन्दले सर्वाधिक ६४ रन बनाए। उनले ५४ बल खेल्दै दुई छक्का र आठ चौका प्रहार गरे। कप्तान मोहम्मद वासिमले १६ बलमा दुई छक्का र तीन चौकासहित २६ रन बनाए। आसिफ खानले १३, अलिसन सफारुले १६ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन्।

नेपालका लागि कुशल मल्लले तीन र सन्दीप लामिछानेले दुई विकेट लिए। साथै सोमपाल कामी र रोहित पौडेलले एक/एक विकेट लिए। दुई ब्याटर रन आउट भए।

नेपाल समूह 'ए'बाट उपविजेता र युएई समूह 'बी'को विजेता बन्दै सेमिफाइनलमा पुगेका थिए। समूहको अन्तिम खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको थियो। समूह चरणको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेट र मलेशियालाई छ विकेटले पराजित गरेको थियो। आजै भएको पहिलो सेमिफाइनलमा ओमानले बहराइनलाई १० विकेटले पराजित गरेको छ। आइतवार हुने फाइनलमा नेपाल र ओमान भिड्नेछन्।


National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-

**Production Manager: 1**

- Qualification: M. Pharm (NPC registered)
- Experience: At least 3 years in relevant area as Assistant Manager or Sr. Executive

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** by 11th November 2023.


## ओमान विश्वकपमा छनोट

काठमाडौं, १७ कात्तिक/रासस

ओमान सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा हुने आइसिसी मेन्स टी–२० विश्वकपमा छनोट भएको छ। आज कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा बहराइनलाई १० विकेटले पराजित गर्दै ओमान विश्वकपमा छनोट भएको हो।

बहराइनले दिएको १०७ रनको लक्ष्य ओमानले १४ दशमलव एक ओभरमा पूरा गर्‍यो। ओमानको जीतमा कश्यप प्रजापतिले सर्वाधिक ५७ रन बनाए।